पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

# टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १७ ❑ अंक ८५ ❑ पृष्ठ ८ | २०७८ चैत २८ सोमबार ( 2022 APRIL 11 MONDAY ) | ❑ मुल्य रु ५।-

देशभरका राम मन्दिरमा पूजाअर्चना गरिँदै ०३ | हरसिद्धिको १२ वर्षे नाच पशुपति क्षेत्रमा ०५ | सामुदायिक वनमा फलफूल खेती ०७

## मधेशमा सत्ता गठवन्धनको बेमेल तालमेल

### स्थानीय निर्वाचनको विषयमा गठबन्धनबीच छलफल वस्न सकेन



**टुडे एक्सप्रेस** / जनकपुरधाम

गठवन्धनमा आवद्ध दलविच उम्मेदवार चयनको विषयमा बेमेल भइदिदा मधेस प्रदेशमा पाँच दलीय सत्तागठबन्धनको बैठक बस्न सकेको छैन् ।स्थानीय तहको निर्वाचनका लागि विभिन्न प्रदेशमा तालमेलका लागि सत्तारुढ गठबन्धनको बैठक भइरहेको अवस्थामा मधेस प्रदेशमा भने गठबन्धन दलको प्रदेशस्तरीय बैठक बस्न सकेको छैन ।एक साता अघि यस प्रदेशमा स्थानीय तहमा चुनावी गठबन्धनका लागि जनकपुरधामस्थित नेपाली काँग्रेसको प्रदेश कार्यालयमा बैठक बसेको थियो ।

सो बैठकबाट २२ गते सम्ममा आ-आफ्नो पार्टीको पालिका कमिटी देखि जिल्ला कमिटीसँग आ-आफ्नो संगठनको अवस्था बारे बुझ्ेर चैत २७ गते बैठक बस्ने गरी स्थगित भएको थियो । तर आइतवार पनि बैठक बस्न सकेको छैन ।

गठबन्धनको बैठकका लागि अगुवाई गरेका कांग्रेस मधेस प्रदेशका अध्यक्ष कृष्ण यादवले पहलकदमी नलिँदा बैठक बस्न नसकेको गठबन्धनका घटक दलहरूको भनाइ छ ।

गठबन्धनका घटक दल नेकपा माओवादी केन्द्र मधेस प्रदेशका अध्यक्ष प्रह्लाद बुढाथोकीले विभिन्न जिल्लामा गठबन्धन दलबीचको बैठक हुन बाँकी रहेकाले आइतवार भनिएको बैठक बस्न नसकेको बताए ।अध्यक्ष बुढाथोकीले अधिकांश जिल्लामा गठबन्धनको बैठक बस्न नसकेकाले आइतवारको बैठक नबसेको बताए ।

जिल्लास्तरमै गठबन्धनको बैठक बस्न नसकेपछि प्रदेशस्तरको गठबन्धनको बैठक अन्योलमा परेको छ ।सत्ताघटक दल जनता समाजवादी पार्टी नेपाल मधेस प्रदेशका अध्यक्ष रामबाबु यादवले बैठकका लागि काँग्रेसले अहिलेसम्म अन्य दलसँग छलफल नगरेको बताए ।

## लालकिशोर साहको निवास अगाडि सफाइ कर्मचारीको धर्ना



**टुडे एक्सप्रेस** / जनकपुरधाम

ज न क पु र धा म उपमहानगरपालिकाका सफाइ कर्मचारीहरूले नगर प्रमुख लालकिशोर साहको निवास अगाडि धर्ना दिएका छन् ।

नगर प्रमुख साहले आफूहरूलाई दुई महिना काममा लगाएर पुनः हटाएपछि उनीहरू आन्दोलनमा उत्रेका हुन् ।उपमहानगरका सरसफाइ कर्मचारीहरूले आइतवार मेयर साहको जनकपुरधाम-४ स्थित निवास अगाडी धर्ना दिएका छन् ।

सफाइ कर्मचारीहरूले आफूसँग नगर प्रमुख साहले अन्याय गरेको आरोप लगाउँदै साहविरुद्ध नारावाजीसमेत गरेका थिए ।उनीहरूको नारावाजीका कारण मेयर साह घण्टौंसम्म आफ्नो निवासबाट निस्कन सकेका थिएनन् ।जनकपुरधाममा फोहोरको अत्याधिक समस्या रहेको र सडकहरू समयमा सफाइ नभएपछि उपमहानगरका पदाधिकारीहरूको आलोचना हुँदै आएको छ । तथापि उपमहानगरले नगरको सरसफाइमा ध्यान नदिएको स्थानीयको आरोप छ ।

## मेयर पदका लागि एमालेबाट हिराको एकल नाम सिफारिस

**टुडे एक्सप्रेस** / जनकपुरधाम

नेकपा एमालेले जनकपुरधाम उपमहानगरपालिकाको मेयर पदका लागि शिवशंकर साह (हिरा) को एकल नाम सिफारिस गरेको छ। एमालेको मधेस प्रदेश कमिटी सदस्यसमेत रहेका साहलाई आइतवार मेयर पदका लागि सर्वसम्मत नाम सिफारिस गरिएको नगर सचिव राजुकुमार साहले जानकारी दिए। हिरा जनकपुरधामको मेयरका प्रत्यासीहरू मध्ये युवा नेता हुन। हिराले जनकपुरधामका विभिन्न युवा कमिटिहरूको नेतृत्व चयनदेखि कमिटिको गतिविधीमा समेत सक्रिय सहभागिता जनाउने गरेका छन्।

२०७४ सालको स्थानिय निर्वाचनमा तत्कालिन राजपाबाट पनि दाबेदार हिरा अन्तिममा टिकट पाउन सकेनन्।

हिरा एमाले प्रवेश गरेसँगै नगरप्रमुखमा चुनाव लड्ने तयारीमा निरन्तर लागिपरेका थिए।

### वडाध्यक्षमा सुशील कर्ण भिड्ने



आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि नेकपा एमालेले जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० मा वडाध्यक्ष लगायत वडा सदस्य पदका लागि उम्मेदवार छनोट गरको छ ।शनिबार जनकपुरधाम वडा नम्बर-१० मा बसेको वडासमितिको बैठकबाट वडाध्यक्षका लागि भर्खर मात्र नेकपा एमालेमा प्रवेश गरेका युवा नेता सुशीलकुमार कर्णलाई छनोट गरिएको छ ।वडा नम्बर-१० मा एमालेबाट वडाध्यक्षको उम्मेदवारमा कर्णलाई सर्वसम्मत छनोट गरिएको छ ।बैठकले वडासदस्यमा महेन्द्रप्रसाद साह र प्रदीप मण्डल तथा महिला सदस्यमा रेखादेवी यादव एवं दलित सदस्यमा रञ्जितादेवी साहलाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।नेकपा एमालेको वडा नम्बर-१० का अध्यक्ष श्याम किशोर मण्डलको अध्यक्षता, वरिष्ठ सल्लाहकार महेन्द्र प्रसाद साहको सक्रियता एवं जिल्ला सदस्य शीलादेवी झाको रोहबरमा भएको बैठकमा उपाध्यक्ष अनिता कुमारी, कोषाध्यक्ष सञ्जीवकुमार साह, नगर उपाध्यक्ष सन्तोषकुमार महतोलगायतको उपस्थिति थियो ।

## जनकपुरधामसहित देशभर रामनवमी मनाइँयो

टुडे एक्सप्रेस / जनकपुरधाम

भगवान रामको जन्मदिनकओ स्मरणमा आइतवार जनकपुरधामसहित देशभर रामनवमी मनाइँदै छ ।चैत्र शुक्ल नवमी अर्थात रामनवमीको अवसरमा आइतवार बिहानैदेखि राम मन्दिर, जानकी मन्दिर, जनक मन्दिर लगायत मन्दिरमा पूजाआराधना गर्ने श्रधालु भक्तजनको घुइँचो लागेको थियो। रामनवमीको अवसरमा जानकी मन्दिरले विभिन्न कार्यक्रम आयोजना गरको थियो। त्रेता युगमा आजकै दिन अयोध्यामा मर्यादा पुरुष भगवान रामको जन्म भएको पौराणिक ग्रन्थहरूमा उल्लेख छ। आजको दिन रामको स्मृतिमा हिन्दुधर्मावलम्बीहरूले पवित्र नदी, ताल तथा कुण्डमहरूमा स्नान ध्यान एवं ब्रत बस्ने गर्दछन्। रामगीता पाठ, अध्यात्म वाल्मीकी र तुलसीकृत-रामायण वाचन गर्नुका साथै भगवान रामको पूजाआराधना गरि रात भरि भजनकीर्तन र जाग्राम बस्ने परम्परा पनि आजको दिनमा रहिआएको छ।



भगवान विष्णु सातौ अवतारको रुपमा अयोध्याका राजा दशरथको जेष्ठ पुत्रको रुपमा जन्म लिएका रामको विवाह मिथिलाका राजा जनककी सुपुत्री सीतासँग भएको थियो। संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश तथा आफ्नो पिता दशरथको कठोर आज्ञाको सहजतापूर्वक पालन गरि मानव जातीलाई सत्यको मार्गमा हिड्न प्रेरणा दिएको रामायणमा उल्लेख छ ।रामको सम्झनमा रामनवमी पर्व मनाइँदै आएको धामिर्क ग्रन्थहरूमा उल्लेख गरिएका छ। यो पर्व चैती नवरात्रीको बीचमै परेको हुनाले आजको दिन भगवान रामको साथै आदि शक्ति नव दुर्गा देवीको समेत पूजा अर्चना गरिन्छ ।रामनवमीको दिन जनकपुरमा मेला समेत लाग्ने गर्दछ। मेलामा सहभागी हुन आउने नेपाल तथा भारतका हजारौं श्रधालुहरूको जनकपुरधाम आउने गर्दछन्। रामनवीको अवसरमा नेपाल सरकारले सार्वजनिक विदा दिँदै आएको छ। आइतवार पनि सार्वजनिक विदा रहेको छ ।यस्तै नरसिंह युवा क्लबले जनकपुरधामको रामानन्दचोक स्थित चैत्र नवमीको अवसरमा दुर्गा पूजा एवं मेला अयोजन गरेको छ।

## लोसपाका प्रभावशाली युवा नेता कृष्णा सिंह कांग्रेसमा प्रवेस

**टुडे एक्सप्रेस** / जनकपुरधाम

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रभावशाली युवा नेता कृष्णा सिंह आइतवार नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवाले उनलाई पार्टी प्रवेश गराएका हुन्। यस्तै गृहमन्त्री बालकृष्ण खाणले पनि उनलाई पार्टीमा स्वागत गरेका थिए। महोत्तरीबाट प्रतिनिधित्व गर्ने सिंह लोसपाका केन्द्रीय सदस्य थिए। महन्थ ठाकुरले नेतृत्व गरेको तराई मधेश लोकतान्त्रिक पार्टीका संस्थापक नेता रहेका उनी तराई मधेश युवा फ्रन्टका केन्द्रीय अध्यक्षसमेत भइसकेका थिए। साथै उनले पार्टीको सहप्रवक्ताको भूमिका निर्वाह पनि गरेका थिए। त्यसपछि राष्ट्रिय जनता पार्टी (राजपा) नेपालमा उनी प्रवक्तासमेत भएका थिए। महन्थ ठाकुर निकट उनी राजनीतिक विचारको लाइन नमिलेपछि कांग्रेसमा प्रवेश गरेको सिंहले बताए। बालुवाटारमा लोसपा परित्याग गर्दै नेपाली कांग्रेस प्रवेश गर्दा उनलाई कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवसमेतले स्वागत गरेका थिए।

# आँपमा मधुवाले सताएकाले किसान हैरान

गोपालप्रसाद बराल / महोत्तरी



पात र हाँगासमेत नदेखिने गरी आँपका रुखमा मज्जर ९मञ्जरी, फूल० ले ढाक्दा दङ्ग परेका किसान अब दिक्क हुन थालेका छन्। यसपाली आँपमा राम्रो मज्जर खेल्दा मनग्गे आम्दानी लिने आसले फुरुङ्ग पर्नुभएका भङ्गाहा नगरपालिका-४ रामनगरका किसान गङ्गाराम महतोको खुसी मधुवा ९आँपको मज्जरमा लाग्ने रोग० का कारण धेरै दिन टिकेन। आफ्नो बगैंचाका आँपका रुखमा पात नै नदेखिने गरी लागेको पहेंलपुर मज्जर मधुवाले डढाएर सखाप पारेकाले उहाँको खुसी हराएको हो। महतोजस्तै सोही बस्तीका बासु बराल, गुणराज दाहाल, सतिश पाण्डे, अरुण गिरी, हरिदेव साह, सत्यनारायण यादव र भजन महतो पनि आँपको मज्जरमा मधुवाले भुसुक्कै पारेकाले पिरोलिनुभएको छ। "फूल फुलेको देख्दा यसपालि राम्रै आम्दानी लिने सपना बुनेका थियौं", फलफूल किसान हरिदेव साहले भन्नुभयो, "राम्ररी टिकोला ९चिचिला० नै लाग्न नपाई मज्जरनै डढ्यो।"मधुवाको प्रकोपले व्यावसायिकरुपमै फलफूलखेती गर्ने यहाँका किसान निरास भएका छन्।

फलफूल खेतीलाई नै गुजाराको मुख्य पेसा बनाएका किसानमा रोगको प्रकोपले चिन्ता बढाएको हो।"खै केही वर्ष पहिले त फलफूलखेती हेर्न जेटिए बाबु ९कृषि सहायक, कृषि प्राविधिक० आएर यस्तो गर्नोस् भनेर परामर्श दिन्थे", बर्दिबास नगरपालिका-९ पशुपतिनगरका फलफूल किसान विनोद महतोले भन्नुभयो, "अचेल त केही वर्षयता कोही पनि सोधखोज गर्न आउँदैनन्, आफूले जानेको गरियो, केही लागेन।" समयसमयमा कृषि परामर्श नपाउँदा पनि आफूहरू पछि परेको फलफूल किसानको गुनासो थियो। जिल्लाको बर्दिबास, गौशाला, भङ्गाहा र जलेश्वर नगरपालिका क्षेत्र एवं पिपरा गाउँपालिका क्षेत्रमा व्यावसायिकरुपमै आँप बगैंचा लगाइएको छ। सबैजसो क्षेत्रमा मधुवाले मज्जर डढाएर कालो बनाएपछि लागेका केही टिकोला पनि चाउरिएर नबढेको पीडित किसानले बताए।"यसपालि आँपबाट आम्दानी लिने आस मऱ्यो", मधुवाले डढाएर कालो बनाएको मज्जरतिर देखाउँदै पशुपतिनगरकै अर्का फलफूल किसान सुरजसिंह कुशवाहाले भन्नुभयो। उहाँको दुई बिघा जमिनमा आँप बगैंचामा २० प्रतिशत रुखमा मात्र चिचिला रहेको बुशवाहाको भनाइ थियो। आँपमा चिचिला खेल्ने समय चैत पहिलो सातामै मज्जरमा मधुवा लागेर कालो बनाएको छ। चैत सुरु भएसँगै मधुवाले आँपका मज्जर डढाएर कालो बनाएको गौशाला-८ बेलगाछीका किसान लालदेव महतोले बताउनुभयो। आफ्नो बारीका ६० रुख आँपमध्ये आधाभन्दा बढी रुखको मज्जर मधुवाले डढाएको उहाँको गुनासो थियो। "मधुवा नियन्त्रणका लागि उपचार गरिए पनि रोग नियन्त्रण हुन सकेको छैन", महतोले आफ्नो आँप बगैंचामै पुगेका सञ्चारकर्मीसँग भन्नुभयो, "तर सघन उपचार बढाइएपछि थप रुखमा भने मधुवा लागेको छैन।" "यसपालि जिल्लाका सबैजसो भेगमा आँपमा राम्रो मज्जर लागे पनि सबैतिर मधुवाको प्रकोप पनि फैलिएको छ।

"पहिले त पानीको फोहराले प्राकृतिक उपचार गरियो", जलेश्वर-५ चौडियाका किसान रहिमन मण्डलले भन्नुभयो, "त्यसपछि एकपछि अर्को उपचार चलाइए पनि पूर्ण नियन्त्रण हुन सकेन।"आँपमा मधुवाले गाँजेपछि यसपाली आँपको उत्पादन घट्ने चिन्ताले किसानसँगै उपभोक्ता पनि पिरोलिएका छन्। "आँप प्रचुर फल्दा सस्तो हुने र गरिबले पनि आफ्नो आयस्ताअनुसार खान पाउँथे", बर्दिबास-१ का होटल व्यवसायी दिपेन्द्र पराजुलीले भन्नुभयो,, "यसपाली भने मधुवाले मज्जर नै डढाएपछि उत्पादन कम हुनेहुँदा गरिब उपभोक्ताले आँप खान पाउँने छैनन्।"यता फलफूल विज्ञले भने मज्जर खेल्नासाथै उपचार नगरिदा मधुवाको प्रकोप बढेको बताउनुभयो। समयमै उपचार नगरिँदा मधुवाको प्रकोप बढेको भङ्गाहा-६ सग्रामपुर निवासी पूर्वकृषि विज्ञ राजकिशोर यादवको भनाइ थियो। लगातार सघन उपचार गरिँदै लगिए रुखका टिकोला अडाउन सकिने उहाँको सुझाव थियो। यसैगरी आँपमा फूल खेल्न थालेकै बेला उपचार नगर्दा मधुवा लागेको अर्का फलफूल विज्ञ ज्ञानेन्द्र सिंह कुशवाहाको भनाइ थियो। आँपको रुखको जरा वरपर खनेर सिँचाइ गर्नाका साथै फेदमा चुन दल्नेजस्ता प्राकृतिक उपचारले मधुवा रोक्न सकिने उहाँको सुझव थियो। मधुवा लागिसकेपछि भने मज्जर बचाउन विषादिको प्रयोग गर्नुपर्नेमा कुशवाहाले जोड दिनुभयो।लगातार फूलमा पानी छर्किएसँगै जरामा पर्याप्त सिँचाइ गरिए मधुवा नलाग्ने र फूलमा दाना राम्रो लाग्ने फलफूल विज्ञको सुझाव थियो। यसपाली हिउँदमा राम्रो पानी नपरेको र किसानले आँपको जरा वरिपरि खनेर किरा मार्ने उपचार नगर्दा मधुवाले पिरोलेको कृषि सेवाकै अवकाशप्राप्च सहसचिव भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेलको भनाइ थियो। जिल्लामा १० हजार हेक्टर जग्गामा व्यावसायिकरुपमै आँपखेती रहेको स्थानीय तहको तथ्याङ्कले देखाएको छ। पछिल्ला केही वर्षयता गाउँघरमा कृषि कामदार पाउन छाडिएपछि अन्य खेती गर्न छाडेर फलफूल लगाउने क्रम ह्वात्तै बढ्दै गएको छ। खेती बढेसँगै राज्यपक्षबाट समुचित सेवा, सुविधा भने नबढ्दा आफूहरूको व्यथा जहाँको त्यहीं रहेको आम किसानको भनाइ थियो।रासस

# झरौखर पोखरी पूर्वाधार गर्न रकम विनियोजन



टुडे एक्सप्रेस / कलैया

बाराको ऐतिहासिक, पुरातात्विकस्थल सिम्रौनगढ नगरपालिकास्थित-१० स्थित झरौखर पोखरीको भौतिक पूर्वाधार निर्माणका लागि पर्यटन मन्त्रालयबाट रु चार करोड विनियोजन भएको छ।

चौतिस हेक्टर क्षेत्रफलमा फैलिएको देवताल पोखरीको निर्माणले पर्यटकलाई आकर्षण गर्ने जनाइएको छ। विनियोजित रकमबाट चारैतिरबाट पर्खाल र टटबन्ध निर्माण, हरियाली उद्यानलगायतको काम गरिने सिम्रौनगढ नगर प्रमुख विजयशङ्कर यादवले जानकारी दिनुभयो। भौतिक पूर्वाधार निर्माण नभएका कारण झरौखर पोखरीमा मत्स्यपालन हुँदै आएको तथा आँप बगैँचाबाट समेत वार्षिक करोडौँको आम्दानी हुने जनाइएको छ। यस क्षेत्रमा करिब २० गाउँ रहेको छ भने ५२ पोखरीमध्ये झरौखर पोखरी सबैभन्दा ठूलो र ऐतिहास रहेको जनाइएको छ। पोखरीको बृहत्तर विकासका लागि गुरुयोजना बनाइ कार्यान्वयन गर्न स्थानीयवासी उपेन्द्रप्रसाद जयसवालले माग गर्नुभयो। झरौखर पोखरीसँगै सात बिघामा इसरा पोखरी रहेको र त्यहाँ मत्स्यपालन हुँदै आएको छ। यो नगरपालिकाको लागि राम्रो आम्दानीको स्रोत भएको जनाइएको छ।रासस

# औरही गाउँपालिकाकी उपाध्यक्ष सीता यादव काँग्रेसमा प्रवेश



टुडे एक्सप्रेस / सिरहा

जनता समाजवादी पार्टीबाट सिरहाको औरही गाउँपालिकाकी उपाध्यक्ष निर्वाचित भएकी सीता यादव पार्टी परित्याग गरी नेपाली काँग्रेसमा प्रवेश गरेकी छन्।

काँग्रेस जिल्ला सभापति रामचन्द्र यादवले गाउँपालिका उपाध्यक्ष यादवलाई फूलमाला र अविर लगाएर पार्टीमा स्वागत गरेका हुन्।

जनता समाजवादी पार्टी (जसपा) बाट निर्वाचित उनले केहिदिन अगाडि पार्टी परित्याग गरेको घोषणा गरेकी थिइन्।

उनीसहित जसपा र अन्य पार्टीका दर्जनौं नेता कार्यकर्ता काँग्रेसमा प्रवेश गरेका छन्। नेपाली काँग्रेसले उपाध्यक्षकै उम्मेदवार बनाउने पक्का भएपछि उनी पार्टी प्रवेश गरेको बुझिएको छ। जसपाले टिकट नदिने भएपछि उनले पार्टी छाडेकी स्रोतले जनायो।

# सिरहाको गाउँपालिका कार्यालयबाट ३४ लाखभन्दा बढी राजस्व रकम गायब

टुडे एक्सप्रेस / सिरहा



सिरहाको एक गाउँपालिकाका नायब सुब्बाले ३४ लाखभन्दा बढी राजस्व रकम गायब गरेको खुलासा भएको छ।सिरहाको विष्णुपुर गाउँपालिकाको राजस्व शाखामा कार्यरत नायब सुब्बा महेन्द्रप्रसाद यादवले ३४ लाख बढी राजस्व गायब गरेका हुन्। उनले गत आर्थिक वर्ष ०७७।७८ मा सङ्कलन भएको ५५ लाख २७ हजार ७७ रुपियाँमध्ये ३४ लाख २३ हजार ७९० रुपियाँ बैङ्क दाखिला नगरेको पाइएको कार्यालयले जनाएको छ।सो रकम बैङ्क दाखिला नगरेको कुरा महालेखा परीक्षणको प्रतिवेदनबाट खुलेपछि गाउँपालिकाले रकम दाखिला गर्न पटकपटक मौखिक ताकेता गर्दै आएको छ।

तर, मौखिक ताकेताबाट पनि नासु यादवले रकम दाखिला गर्न आलटाल गर्दै आएका छन्। पछि प्रमुख प्रशासकीय अधिकृत दीपकुमार यादवले गत चैत १५ गते तत्काल रकम जम्मा गर्न निर्देशनसहितको पत्र नै नासु यादवलाई जिम्मा लगाए।'नासु यादवले रकम दाखिला नगरी गायब गरेको कुरा आफूले थाहा पाउने बित्तिकै जम्मा गर्न निर्देशन दिएको हुँ। तर, उहाँले आलटाल गरेपछि मैले उहाँको नाममा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम २५ प्रतिशत जरिवानासहित रकम बुझाउन पत्र काटेको छु', प्रशासकी अधिकृत यादवले भने 'अब उहाँले जरिवानासहित गाउँपालिकालाई ४२ लाख ७९ हजार ३३७ रुपियाँ बैङ्क दाखिला गर्नुपर्नेछ।'वर्तमान प्रशासकीय प्रमुख दीपकुमार यादवले रकम दाखिला गर्न नासु यादवलाई पत्राचार गरेपछि मात्रै यो विषयले चर्चा पाएको हो।श्रोतका अनुसार उक्त रकम गायब हुनुमा नासु यादव, गाउँपालिकाका अध्यक्ष जागेश्वर यादव र तत्कालीन प्रशासकीय अधिकृत रविन्द्र महतबीच मिलेमतो रहेको आरोप छ।नासु यादवले आफूसँग गाउँपालिकाका अध्यक्ष जागेश्वर यादवले रकम मागेपछि 'पछि मिलाउने गरी' उक्त रकम अध्यक्ष यादवलाई दिएको बताउदै आउनुभएको छ। 'मैलै त्यसरी गर्नु हुँदैन थियो। तर, अध्यक्षले काम छ, पछि मिलाउँला भनेर दबाब दिएपछि मैले उहाँलाई रकम दिए। तर, अहिले म फसे', आरोपित नासु यादवले भने।

विष्णुपुर गाउँपालिकाका अध्यक्ष जागेश्वर यादवले उक्त रकम तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रविन्द्र महत र नासु यादवले एकापसको मिलोमतोमा गायब गरी अहिले आफूलाई फसाउन आरोप लगाएको बताए। त्यो रकम फर्काउन आफूले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महतलाई पटक पटक दबाब दिएपनि नमानेको गाउँपालिका अध्यक्ष यादवको गुनासो छ।

# विपक्षी बलियो रहेको स्थानमा सत्तारुढ दलले गठबन्धन गर्ने



टुडे एक्सप्रेस / सप्तरी

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा सत्तारुढ दलहरूले सप्तरीमा तालमेल गर्ने सहमति गरेका छन्।नेकपा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेशकुमार यादवले सत्तापक्षका दलहरू बलियो रहेको स्थानमा गठबन्धन नगर्ने र विपक्षीहरू बलियो रहेको स्थानमा भने गठबन्धन गर्ने सहमति भएको बताए।सप्तरीमा १८ वटा स्थानीय तह रहेकोमा ९ वटा नगरपालिका र ९ वटा गाउँपालिका छन्। तीमध्ये १० पालिकामा जनता समाजवादी पार्टीको नेतृत्व छ भने ५ पालिकामा कांग्रेसको नेतृत्व छ। त्यस्तै २ पालिकामा नेकपा एमाले र एक पालिकामा लोकतान्त्रिक समाजवादी पार्टीको नेतृत्व छ।गठबन्धनभित्रकै दलहरूमा उम्मेदवारको सूची सबै पालिकामा लामो रहेकाले सप्तरीमा गठबन्धन हुने सम्भावना न्यून देखिएको जसपा जिल्ला अध्यक्ष केदार यादब बताउँछन्।हरेक पालिकामा गठबन्धनका दलहरूमै कम्तीमा २ जना र बढीमा ८ जनासम्म पालिका प्रमुखका आकांक्षीहरू छन्।

# नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहटको अध्यक्षमा निधि

टुडे एक्सप्रेस / रौतहट

नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहटको अध्यक्षमा अनिल कुमार निधि चयन भएका छन्। त्यस्तै उपाध्यक्षमा रिता अधिकारी सीताराम पटेल, सचिवमा संजय साह, कोषाध्यक्षमा राकेश कुमार शर्मा सहसचिवमा हिरा सापकोटा ,सह कोषाध्यक्षमा रेनु हुमागाईंलगायत अधिवेशनले ३९ सदस्यीय कमिटी गठन गरेको छ। यसैगरी शिक्षक मणिसंकर निधि, योगेन्द्र कुश्वाहा, बिरेन्द्र साह र राधिका सापकोटालाई केन्द्रिय प्रतिनिधिमा छनौट गरिएको छ। १३ औं जिल्ला अधिवेशनको उद्घाटन सत्र गरुडाका भएको थियो भने बन्दसत्र सुबलाल भागवत मावि सन्तपुरमा भएको थियो।

## आजको राशिफल



ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

परामर्शको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन र माउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईने छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्ने छ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खराबी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# देशभरका राम मन्दिरमा पूजाअर्चना गरिँदै



**टुडे एक्सप्रेस** / काठमाडौँ

रामनवमी पर्वका अवसरमा आइतवार बिहानैदेखि देशभरका राम मन्दिरमा भक्तजनको भीड लागेको छ। प्रत्येक वर्ष चैत्र शुक्ल नवमीका दिन रामनवमी पर्व मनाइन्छ।

यस उपलक्ष्यमा बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर, पशुपतिपारिको राम मन्दिर, गोकर्णेश्वर नगरपालिका-९ आरुबारीस्थित राम मन्दिर, राजधानी र देशभरका अन्य राम मन्दिरमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ। श्री रामचन्द्र मन्दिर बत्तिसपुतलीमा कानून न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले दर्शन गर्नुभएको मन्दिर व्यवस्थापन समितिका सदस्य सचिव डा गोविन्द टन्डनले बताउनुभयो।

असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्भ्कनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ। त्रेतायुगमा आजकै दिन अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो। त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ।आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ।

अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसको नाश गर्नुभएको थियो। 'लोक रञ्जनात् राजा' अर्थात् जनतालाई खुसी पार्ने नै राजा हुन् भन्ने शास्त्रीय मान्यतालाई श्रीरामले पूरा गर्नुभएको थियो। यसैले उहाँलाई अहिले पनि आदर्श राजाका रुपमा स्मरण गरिन्छ।रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख छ।

आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिनुभएकाले उहाँको सम्भ्कनामा रामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेख छ।पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गर्नुभएकाले उहाँको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ। सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिनुभएको हो। रामकै जस्तो गुण हामीमा पनि प्राप्त होस् भन्ने कामनाले रामनवमी पर्व मनाउने गरिएको हो।रासस

# बिस्का जात्रालाई शान्तिपूर्ण बनाउन सद्भाव र्‍याली



**टुडे एक्सप्रेस** / भादगाउँ

आइतवारदेखि सुरु हुने ऐतिहासिक एवं सांस्कृतिक बिस्का जात्रा शान्तिपूर्ण, मर्यादित र सुरक्षित ढङ्गले मनाउन आह्वान गर्दै आइतवार सद्भाव र्‍याली तथा जनचेतना कार्यक्रम आयोजना गरिएको छ।भक्तपुर नगरपालिकाले आयोजना गरेको एउटा सद्भाव र्‍याली दत्तात्रयबाट सुरु भएर गोल्मढी, सुकुलढोका हुँदै टौमढी पुगेको थियो भने दूधपाटीबाट सुरु भएको अर्को र्‍याली भार्वाचो, टेखापुखु, नासमना, बुलुँचाहुँदै टौमढी पुगेर सभामा परिणत भएको थियो।

र्‍यालीमा नगरपालिकाका प्रतिनिधि, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, विद्यालय, कलेज, टिम क्लब खेलकुद समिति, सुरक्षाकर्मी, प्रहरी, रेडक्रस, स्काउट, सांस्कृतिक समूह र स्थानीय जनताको सहभागिता रहेको थियो।

र्‍यालीपछि आयोजित सभालाई सम्बोधन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले प्रसिद्ध बिस्का जात्रा सहजरुपमा सम्पन्न गर्न सरोकारवाला निकायले आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। "विश्वमै बिस्का जात्राको विशेष महत्व भएकाले हेर्न आउने सबैलाई सभ्य, भव्य र सुरक्षितरुपले जात्रा सम्पन्न गर्न आग्रह गर्दछु", उहाँले भन्नुभयो।

नगर प्रमुख सुनिल प्रजापतिले बिस्का जात्रालाई सफलरुपमा सम्पन्न गर्न सबैको संयुक्त प्रयास जरुरी रहेको बताउँदै जात्रा अवधिभर उच्छृङ्खल गतिविधि हुन नदिन सबैजना सचेत हुनुपर्नेमा जोड दिनुभयो। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले भक्तपुरको गौरव बढाउने बिस्का जात्रामा आवश्यक शान्तिसुरक्षाको व्यवस्था मिलाइने प्रतिबद्धता जनाउँदै जात्रालाई विगतको भन्दा अझ व्यवस्थित र अनुशासितरुपमा सम्पन्न गर्न सबैको सहयोग रहने अपेक्षा गर्नुभयो।रासस

# हलेसीमा पन्ध्रदिने रामनवमी मेला



**टुडे एक्सप्रेस** / खोटाङ

रामनवमीको अवसरमा खोटाङको हलेसीमा पन्ध्रदिने मेला लागेको छ। यहाँ पूजाआजा गर्न भक्तजनको बाक्लो उपस्थिति छ। हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको सङ्गमस्थल हलेसीमा एक साता अघिदेखि मेला लागेको हो। मेलामा नेपालका साथै छिमेकी देश भारतबाट समेत उल्लेख्य सङ्ख्यामा भक्तजन आएका छन्। हलेसी विकास समितिका कार्यकारी निर्देशक समर भुजेलका अनुसार भक्तजनका कारण मन्दिर आसपासका होटल भरिभराउ छन्। आगामी दिनमा धर्मशाला निर्माण गर्ने योजना रहेको उहाँले बताउनुभयो। नेपाल आयल निगमले समेत हलेसीमा धर्मशाला निर्माण गरिरहेको हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख इवन राईले जानकारी दिनुभयो। अधिकांश दर्शनार्थीले आफ्नै सवारीसाधन ल्याउने गरेका छन्। यसबाट सवारीसाधन व्यवस्थापनमा समस्या हुने गरेको छ। हलेसी मध्यपहाडी लोकमार्गमा पर्छ। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी विकल श्रेष्ठ मेला व्यवस्थित गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको बताउनुहुन्छ। हलेसीको दर्शन गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ। चट्टानै चट्टानले बनेको हलेसी मन्दिर आसपास महादेव गुफा, बसाहा गुफा, शिवपार्वती थान, भैरव गुफा, धर्मद्वार, पापद्वार, स्वर्गद्वार जस्ता विभिन्न द्वार छन्। प्राकृतिक भू-बनोटको हिसाबले पनि विश्वकै नमूना मानिने खोटाङको हलेसीस्थित बसाहा गुफा महादेव गुफाको ठीक पछाडिपट्टी पर्दछ। घना जङ्गलको बीचमा अवस्थित बसाहा गुफाको करिब ५० मिटरभित्र छिरेपछि देखिने आकाशको दृष्य प्राकृतिक सौन्दर्यको अनुमप उपहार जस्तो देखिन्छ।

हलेसीमा रामनवमी, शिवरात्री, बालाचतुर्दशी, हरितालिका तीज, बोलबमलगायतमा मेला लाग्छ। मध्यपहाडी लोकमार्गको सुनकोशीस्थित हर्कपुर र दूधकोशीस्थित जयरामघाटमा पक्की पुल बनेसँगै तराईसँगको सिधायातायात जोडिएको छ।रासस

# पुल बगाएको नौ महिनापछि बेलिब्रिज

**टुडे एक्सप्रेस** / तनहुँ



व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दी खोलाको पुल बगाएको नौ महिनापछि बेलिब्रिज जडान गरिएको छ। गत वर्ष असारमा छाब्दी खोलामा आएको बाढीले पक्की पुल बगाएको थियो। पुल बगाएपछि व्यास, बन्दीपुर र ऋषिङ गाउँपालिकाका बासिन्दा मारमा परेका थिए। नेपाली सेना र स्थानीयवासीको सहयोगमा तत्काल कल्भर्ड हाली आवतजावतको व्यवस्था मिलाइएको थियो। भानु तुरतुरे र गोरखाको पालुङटार जोड्ने बेलिब्रिज मर्स्याङ्दी नदीले बगाएपछि सोही बेलिब्रिज छाब्दीखोला दोभानमा राख्ने योजना बनाइएको थियो। चितवनबाट मर्मत गरेर ल्याइएको बेलिब्रिज जडान गरिएको पूर्वाधार विकास एकाइ कार्यालय तनहुँका सिनियर डिभिजन इञ्जीनियर दिनेशकुमार घिमिरेले जानकारी दिनुभयो।

सङ्घीय सरकारको रु १८ लाख सहयोगमा सडक डिभिजनमार्फत बेलिब्रिज ल्याइएको हो। गण्डकी प्रदेश सरकारको रु ४३ लाखको लागतमा ग्याबिन जाली तथा बेलिब्रिज मर्मत गरिएको हो। बेलिब्रिज जडानसँगै आवातजावत गर्न सहज भएको व्यास-१३ का वसन्त आलेले बताउनुभयो। पृथ्वी राजमार्गलाई अहिले चौडा बनाउने काम भइरहेको छ। बुद्धसिं मार्गलाई वैकल्पिक सडकका रुपमा रूपमा विस्तार गर्न लागिएको छ।

पाँच पुल यसै आवमा बनाइने

तनहुँमा निर्माणाधीन तेह्रमध्ये पाँच पुल यसै आर्थिक वर्षसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य छ। पूर्वाधार विकास एकाइ कार्यालयका अनुसार शालिकराम करिडोरअन्तर्गत ऋषिङ गाउँपालिका-४ र ५ जोड्ने ज्वाला खोला पुल, ऋषिङ-५ लुक्दी खोला र घिरिङ-४ को तिरमदी खोलाको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। घिरिङ गाउँपालिका-१ पुट्टार द्रौपद पुल तथा भिमाद नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने फेदी खोलाको पुल पनि यसै आवमा सम्पन्न गर्ने लक्ष्य छ।सिनियर डिभिजन इञ्जीनियर घिमिरेका अनुसार निर्माणधीन अवस्थामा रहेका पाँच सडकको म्याद थप गरी निर्माण अघि बढाइएको छ। दुलेगौडा-हर्कपुर सडक असारसम्म, भानुमार्ग फागुनसम्म, मानपुर-डेढगाउँ मोटरमार्ग फागुनसम्म र आँबुखैरेनी-छिम्केश्वरी असोजसम्म म्याद थपका लागि मन्त्रालयलाई पत्राचार गरिएको छ। घिरिङ हुँदै केलादीघाट कालीगण्डकी नदीको तीरैतीर स्याङ्जा र पाल्पा जोड्ने गरी शालिकराम करिडोर तीव्र गतिमा निर्माण भइरहेको छ। करिब ६८ किलोमिटरमध्ये दासढुङ्गा-देउपुरसम्मको ६ किलोमिटर सडक कालोपत्र गरिएको छ।रासस

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६, ५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### भ्रष्टाचार छानवीन होस

प्रादेशिक अस्पताल जनकपुरधाममा पुनः अनियमीतताको घटना भएको छ । निवर्तमान मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा.प्रमोद यादव पदमुक्त हुनु २/३ दिनपूर्व नै बिगतमा खरिद भएको औषधी, स्वास्थय उपकरण लगायतका सामानको बााकी बक्यौता झण्डै ८ करोड रुपैयाा भुक्तानी गरिएको छ । बजार भाउभन्दा बढी मूल्यको समान खरिद गर्नुका साथै फर्जी बिल समेत खडा गरी रकम भुक्तानी गरिएको स्रोतको दावी छ । प्रादेशिक अस्पताल मधेश स्वास्थय विज्ञान प्रतिष्ठानको स्वामित्वमा गएपछि उनले मन्त्रालयबाट पदमुक्त हुन पत्र आउने सुइको पाएपछि विभिन्न कारणले लामोसमयदेखि स्थगनमा परेका औषधि उपकरण लगायत सरसमान खरिदका ७ करोड ९४ लाख ३५ हजार ६४४ रुपैयाा भुक्तानी गरेको पाइएको छ । जसमा बजारमा पाइने भन्दा चारगुणा बढी मूल्यमा खरिद गरिएको समानको भुक्तानी फाइल एक वर्षदेखि अडकेको थियो । केही खरिदै नै नभएका समानको पनि फर्जी बिल खडा गरेर लाखौं रुपैयाा भुक्तानी गरेको समेत खुलेको छ । कार्यालय स्रोतका अनुसार काठमाडौंको गुगल सर्जिकललाई शव राख्ने झोला र अन्य औषधि उपकरण खरिद बापत अस्पतालले झण्डै ४० लाख रुपैयाा भुक्तानी गरेको छ । स्टोर शाखाका कर्मचारी धिरेन्द्र मण्डलका अनुसार गत वर्ष कोभिड–१९ को दोश्रो लहरमा अढाई सय वटा शव राख्ने झोला अस्पतालले खरिद गरेको थियो । बजारमा १ हजारमा पाइने सो झोला अस्पतालले सोझै खरिद गरेको थियो । कर्मचारी स्रोतका अनुसार बजारमा एक हजारको दरमा पाइने शव राख्ने झोला गुगल सर्जिकलबाट ४ हजारदेखि ४७ सयसम्मका दरले खरिद गरिएको छ । झोलासागै औषधी उपकरण गरी झण्डै ६० लाखको बिल पेश गरिएको थियो ।यसरी जानी जानी भएको भ्रष्टाचार काण्डको यथासिघ्र छानवीन गरि भ्रष्टमाथि कारवाही गर्नु पर्ने हाम्रो ठम्याई रहेको छ ।

# टुंगिएला संक्रमणकालीन न्याय?



चरण प्रसाई




हालैसालै सार्वजनिक भएको एक खबर-देउवा भक्कानिए र प्रचण्ड छाँगोबाट खसेजस्तो भए। यो प्रसंग हो यौनजन्य हिंसामा परेका दिदी-बहिनीका कथा-व्यथा सुनेपछि प्रधानमन्त्री शेरबहादुर देउवा तथा माओवादी नेता पुष्पकमल दाहालका प्रतिक्रिया।

यो समाचार पढेपछि लाग्छ-शीर्ष भनिएका र २०६२-२०६३ सालपछि पटक-पटक देशको शासनको बागडोर सम्हालेका यी दुई नेतालाई सशस्त्र द्वन्द्वमा भएका जघन्य अपराधका घटनाले पहिलोपटक मन छोएछ। यस प्रसंगले यिनका आँखा अचानक खुलेछन्।

द्वन्द्वपीडितका पीडा तथा तिनका मानवीय अवस्थालाई आत्माबोध गरेको देखाएका छन्। द्वन्द्वपीडितलाई न्याय दिलाउन र अपराधीलाई कारबाही गराउन अब साँच्चै अग्रसर भएका हुन्? यो सन्दर्भ हो, अधिकारवादी कानुन व्यवसायी गोविन्द शर्मा (कोइराला) बन्दीको गठबन्धनका साझा व्यक्तिका रूपमा कानुन तथा संसदीय मामला मन्त्रीमा यही चैत २४ गते भएको नियुक्ति।

यो नियुक्ति संयोगमात्र नभएर यस घटनासमेतको परिणाम भएको मानिएको छ। किनभने बन्दीको पहिचान संक्रमणकालीन न्यायका विज्ञका रूपमा नागरिक समाजमा स्थापित छ। द्वन्द्वपीडितका सहयात्री भनेर चिनिएका छन्। अन्तर्राष्ट्रिय समुदायले पत्याएका व्यक्ति हुन्।

यो वास्तविकतामा गठबन्धन दलका नेताहरू अनविज्ञ छैनन् पनि। यसैले कानुन मन्त्रीमा भएको उनको यस नियुक्तिले विगत १५ वर्षदेखि थाती रहेको शान्ति प्रक्रिया अब ठीक 'ट्रयाक' मा आउने आशा जगाएको छ।

उनले मन्त्री पद बहाली गरेको पहिलो दिनको पहिलो निर्णय सर्वोच्च अदालतको आदेशअनुसार 'बेपत्ता पारिएका ब्यक्ति छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' संशोधन गर्ने रहेको छ जसले एक सकारात्मक सन्देश दिएको छ।

यसबाट मुलुकमा दिगो शान्तिका लागि अपरिहार्यता र यसको प्रमुख पाटो संक्रमणकालीन न्यायको न्यायोचित तथा पीडितकेन्द्रित भएर निष्कर्षमा पुग्ने बाटो खुलेको छ। पीडितको न्यायमाथि अधिकारको सुनिश्चितता तथा यस सन्दर्भमा अन्तर्राष्ट्रिय छविसमेतमा सुधार आउने संकेत गरेको छ।

दण्डहीनताको जालो अन्त्य हुने आशा पलाएको छ। द्वन्द्वपीडितको सत्य, न्याय, परिपूरण अधिकार तथा विगतका कहालीलाग्दा दिन नदोहोरिने सुनिश्चित गर्दै मेलमिलापको वातावरण निर्माण हुने विश्वास गरिएको छ।

यस सिलसिलामा यो प्रक्रियाका प्रमुख बाधक- १. माफी दिनेखाले सत्य तथा बेपत्तासम्बन्धी छानबिन आयोगको विद्यमान ऐन र २. यसमाथि टेकेर बनेका सत्य र बेपत्तासम्बन्धी छानविन आयोग रहेका छन्। जबकि यी संयन्त्र संक्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन सहजीकरणको भूमिका निर्वाह गर्नुपर्ने हो। तर यसलाई दुरूपयोग गरिएको छ।

किनभने यिनको प्रयोग सरकार ढाल्ने र बनाउने खेलमा केन्द्रित रहँदै आएको छ। यी दुवै आयोग पीडकका संरक्षकका रूपमा खडा भएका देखिएका छन्। स्मरण रहोस्, २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता अन्तर्राष्ट्रिय मापदण्डको छ। राज्य तथा तत्कालीन विद्रोही माओवादीबीच राष्ट्रसंघका प्रतिनिधिको उपस्थितिमा यस सम्झौतामा हस्ताक्षर भएको हो।

यसबमोजिम ६ महिनाभित्र गठन हुनुपर्ने सत्य तथा बेपत्ता छानविनसम्बन्धी आयोग बन्नै ८ वर्ष लाग्यो। त्यही पनि त्रुटिपूर्ण ऐनका आडमा। यस ऐनलाई अन्तर्राष्ट्रिय मापदण्ड तथा पीडित केन्द्रित बनाउने सर्वोच्च अदालतले त्यहीताका दिएको परमादेश आजसम्म कार्यान्वयन भएको छैन। ६० दिनभित्र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने सम्झौताको प्रतिबद्धता अलपत्र छ।

ऐन संशोधनका लागि द्वन्द्वपीडित र नागरिक समाजले दिएका दबाबलाई नजरअन्दाज गरिएको छ। तर मन्त्री बन्दीको ऐन संशोधन गर्ने पहिलो निर्णय एवं घोषणाले अवरुद्ध संक्रमणकालीन न्याय अघि बढ्ने देखिएको छ। संसदद्वारा त्रुटिसहित पारित ऐनका आधारमा सत्य तथा बेपत्तासम्बन्धी आयोगको गठन प्रक्रिया ८ वर्षअघि सुरु भएको हो।

सत्य आयोगको अध्यक्षका लागि नागरिक समाजका सम्मानित व्यक्ति तथा पूर्वसभामुख दमननाथ ढुंगानालाई प्रस्ताव गरिएको थियो। त्यसबेला पुष्पकमल दाहाल र डा.बाबुराम भट्टराई समेत उनलाई मनाउन बानेश्वरको घर पुगेका थिए। तर उनले त्यसलाई अस्वीकार गरे। किनभने उनलाई थाहा थियो, अन्तर्राष्ट्रिय मापदण्ड मिचेर बनाइएको आयोग असफल हुनेछ। न द्वन्द्वपीडित/नागरिक समाज न त अन्तर्राष्ट्रिय समुदायबाट साथ र सहयोग प्राप्त हुनेछ। हुन पनि त्यस्तै भयो।

सूर्यकिरण गुरुङको अध्यक्षतामा सत्य आयोग र लोकेन्द्र मल्लिकको अध्यक्षतामा बेपत्ता छानविनसम्बन्धी आयोग बने तर असफल भए। सोही गल्ती दोहोराएर फेरि आयोगहरू पुनर्गठन भएका छन्। पुनर्गठित सत्य आयोगको अध्यक्षमा बन्दीको नाम पनि नआएको होइन तर त्यसलाई उनले स्वीकारेनन्।

त्यसैले आगामी दिनमा उनका अनुभवबाट यस प्रक्रियामा सुधार आउने अपेक्षा गरिएको छ। केपी शर्मा ओली नेतृत्वको पहिलो एमाले सरकारले सर्वोच्च अदालतको परमादेशबमोजिम ऐन संशोधनको प्रक्रिया अघि बढाएको थियो। तत्कालीन न्यायाधिवक्ता हरि फुयाँल (हाल सर्वोच्च अदालतका न्यायाधीश) ले प्रमुख दलका नेताहरूको सहमतिमा ऐन संशोधनको अन्तिम मस्यौदा तयार पारेका थिए।

त्यसमा अन्तर्राष्ट्रिय मापदण्डमा केही कमीकमजोरी देखिए पनि अदालतका आदेशलाई आधार मानेर संशोधन मस्यौदा तयार गरी संसद्मा पेस गर्ने अन्तिम अवस्था पुऱ्याएका थिए। तर यसैबीच दाहालले शान्ति प्रक्रियालाई अघि नबढाएको आरोपसमेत लगाएर ओलीको सरकार ढाले। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार बनाए।

यो प्रक्रिया अघि नबढ्नुका कारण देशी-विदेशीका हात रहेको र घेराबन्दीमा पारिएको बहाना गर्दै यसलाई ठप्प पार्ने रणनीतिमा उनी लागे। तर केही दिनअघि दिलभूषण पाठकलाई दिएको एक टेलिभिजन अन्तर्वार्तामा यस प्रक्रिया टुंग्याउन अब गम्भीर भएको बताएका छन्। उनको यस भनाइबाट पीडा र अन्यायमा परेका द्वन्द्वपीडित मुक्त हुने आशा गरौं।

बन्दीले सरकारमा स्थान पाएपछि अब संक्रमणकालीन न्यायलाई नेतृत्वले हेर्ने/बुझ्ने दृष्टिकोणमा फरक आउला भन्ने विश्वास गरौं। संयोग मान्नुपर्छ, बन्दी कानुन मन्त्री भएका दिन द्वन्द्वपीडित समुदायको एक राष्ट्रिय भेलामार्फत २४-बुँदे काठमाडौं घोषणापत्र जारी भएको छ।

त्यस घोषणामा न्याय, परिपुरण, ऐन संशोधन, वर्तमान सत्य तथा बेपत्तासम्बन्धी छानविन आयोगको खारेजी, ऐन संशोधनपछि मात्र आयोगको पुनर्गठन, मानव अधिकार उल्लंघनकर्तालाई स्थानीय तहमा उम्मेद्वार नबनाउन र बनाए सार्वजनिक रूपमा सामाजिक बहिष्कार गर्न अपिल गर्ने जस्ता बुँदा समेटिएका छन्।

मानव अधिकार उल्लंघनकर्ता भन्नाले अदालतबाट अन्तिम फैसलाबाट दोषी भएका व्यक्तिमात्र पर्दैनन्। यसमा आरोपितहरू समेत परीक्षण (भेटिङ) मा पार्ने गरिन्छ। यो संक्रमणकालीन न्यायको एक सिद्धान्त पनि हो।

अदालतमा मुद्दा चलेका, एफआइआर दर्ता भएका, राष्ट्रिय मानव अधिकार आयोगले दोषी ठहर गरेका, अधिकारवादी संस्थाका अनुसन्धानबाट दोषी ठहरिएका व्यक्ति यसमा पर्दछन्। किनभने यो उम्मेद्वारीको 'भेटिङ' ले सुशासन कायम गर्न र दण्डहीनता अन्त्य गर्न मद्दत गर्छ।

यसबाट दलहरूलाई दागरहित उम्मेद्वार छनोट गर्न सहज हुनुका साथै असल उम्मेद्वारले जनप्रतिनिधि बन्ने मौका पाउने छन्। मुलुकको लोकतन्त्रिक अभ्यास मानव अधिकार तथा सुशासनका जगमा अगाडि बढ्नेछ। लोकतन्त्र दिगो हुनेछ।

लामो समयदेखि प्रमुख दलका शीर्ष नेता तथा सरकारहरूले द्वन्द्वपीडितका न्यायका पक्षमा बारम्बार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता जाहेर गर्दै आएका हुन्। प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको ६ महिने उपलब्धि सार्वजनिक गर्दा बाँकी रहेको शान्ति प्रक्रियालाई पूरा गर्ने प्रतिबद्धता जनाएका थिए।

राष्ट्रसंघको साधारण सभा, मानव अधिकार परिषद् तथा आवधिक समीक्षा बैठकमा संक्रमणकालीन न्याय पूरा गर्ने प्रतिबद्धता जनाउन सरकारले छुटाएको छैन। यसलाई प्राथमिकतामा पारेको कुरा जनाउँदै आएको छ। तर वास्तविक धरातलमा हेर्दा द्वन्द्वपीडितले निराशाबाहेक अरू केही हात पारेका छैनन्।

अन्तमा, १६ वर्षसम्म द्वन्द्वपीडित तथा नागरिक समाजले निरन्तर न्यायका पक्षमा अभियान चलाउँदा सर्वसाधारणलाई बुझाउन नसकिएको संक्रमणकालीन न्यायलाई प्रकाश 'सपुत' को १६ मिनेटको 'पीर' नामक म्युजिक भिडियोले धेरैका आँखा खोलिदिएको छ। आमसञ्चार जगत् तथा समाजिक सञ्जालमार्फत हरेक नेपालीका घर-घरमा द्वन्द्वकालीन पीडा-व्यथा तथा न्यायका सवाललाई मार्मिक ढंगबाट पुऱ्याएको छ।

सशस्त्र द्वन्द्वका सबै पीडा बिर्सनुपर्छ भनेर संविधान सभामा वकालत गरेकी देवी खड्का बलात्कारपीडित महिलाका व्यथा प्रधानमन्त्री. देउवा र तत्कालीन विद्रोही नेता प्रचण्डलाई सुनाएर तिनका सोचाइ बदल्न सहयोगी भएकी छन्। आशा गरौं, बन्दीले नेपाल सरकारमा पाएको प्रवेशले संक्रमणकालीन न्यायले उचित निकास पाउनेछ। यसमा सम्झौता हुने छैन।

राजनीतिक प्रभावबाट मुक्त हुनेछ। द्वन्द्वपीडितका न्याय र परिपुरणका अधिकार सुनिश्चित हुनेछ। पीडकलाई जवाफदेही बनाउनेछ। राजनीतिक उद्देश्य प्राप्तिका बहानामा अपराधजन्य कार्य क्षम्य हुन्छ भन्ने सोच अन्त्य हुनेछ। मुलुकलाई अपराधको कुचक्रबाट जोगाउनेछ। शान्ति प्रक्रियामा नेपाल विश्वको एक असल उदाहरण बन्न सक्नेछ। राज्यमाथि उठ्ने गरेका जवाफदेहिताका प्रश्न विरल्लै उठ्ने छन्।

# होमियोप्याथी: जन्मदेखि अहिलेसम्म



डा. ललितकुमार मिश्र

होमियोप्याथी अर्थात रोगको सदृश चिकित्सा विज्ञान १८औं शताब्दीको अन्ततिरको एउटा चमत्कारी तर वैज्ञानिक चिकित्साजगत्को उपलब्धि डा. ललितकुमार मिश्र हो।

जीवनको उत्पत्ति सँगसँगै रोगको पनि जन्म भयो। यी दुवै सँगै हुर्के र सँगै खेले। मौका छोपी एकले अर्कालाई पछार्ने कार्य गर्दै आए र गर्दैछन्। तर मानिस प्रकृतिको सर्वश्रेष्ठ बौद्धिक प्राणी भएकाले लामो समयसम्म यस सांसारिक यात्रामा स्वस्थ भई संलग्न रहने उद्देश्यले रोगोपचारका विधिहरूको खोजीमा लाग्यो।

फलस्वरूप अहिले विश्वमा रोगोपचारका विभिन्न पद्धति विकास र प्रयोग भइरहेको छ। इतिहासमा केही चिकित्सा पद्धति सामाजिक स्वीकृतिको अभावमा अस्तित्व गुमाउँदै लोप भए भने केही उपचार विधि आफ्नो मौलिक गुण र विशिष्टताका आधारमा लोकप्रिय भए। त्यसमध्ये एक हो-होमियोप्याथी।

होमियोप्याथी विश्वमा स्थापित चिकित्सा पद्धतिहरूमा दोस्रो स्थानमा छ। यो लोकप्रिय एवं जनमानसमा स्वीकार गरी अपनाएको पद्धति हो। जुन लगभग २०० वर्षभन्दा बढी समयदेखि जनस्वास्थ्यको विषय बनेको छ। सन् १७५५ अप्रिल १० मा जर्मनीको माइसेन सहरमा होमियोप्याथीका जन्मदाता क्रिस्चियन फेड्रिकसेमुअल हेनिमेनको जन्म भएको थियो। यिनका पिता बहुतै गरिब थिए।

चिनियाँ माटो (सेरामिक) का भाँडामा बुट्टा हाल्ने (चित्रकारी) काम गरेर आफ्नो परिवारको पालनपोषण गर्थे। गरिबीका कारण हेनिमेनको बाल्यकाल संघर्षमा बित्यो। अध्ययनका लागि साह्रै दुःख गर्नुपऱ्यो तर हुने बिरुवाको चिल्लो पात भनेझैं कुशाग्र बुद्धि र तीव्र प्रतिभाका धनी हेनिमेनले २४ वर्षको उमेरमा एलोप्याथीमा (एम.डी.) उपाधि हासिल गरे।

त्यसपछि ड्रेसडेनको अस्पतालमा सिभिल सर्जनको पदमा रही काम गर्न थाले। दस वर्षसम्म यिनले अस्पतालमा सेवा गरे। डा. हेनिमेन आफ्नो समयको चिकित्सा प्रक्रियाप्रति सहमत थिएनन्। तीतो कष्टकारी एवं विपरित प्रतिक्रिया उत्पन्न गर्ने औषधिहरूबाट एउटा रोगको उपचार हुनुका साथै शरीरमा कैयौं नयाँ-नयाँ रोग उत्पन्न भइरहेका थिए।

यसैबीच उनकी छोरी बिरामी भइन्। राम्रो भन्दा राम्रो उपचार गरियो। तर छोरीलाई बचाउन सकेनन्। यस घटनाले उनको तत्कालीन चिकित्सा पद्धतिप्रति मोहभंग हुन गयो। यी सबै कुराबाट दिक्दार हेनिमेनले (एलोप्याथी) चिकित्सा छाडिदिए। हेनिमेन जीविकोपार्जनका लागि चिकित्सा एवं विज्ञानका पुस्तकहरूको विभिन्न भाषामा अनुवाद गर्ने कार्य गर्न थाले।

उनलाई ग्रिक, ल्याटिन, अंग्रेजी, इटालियन, अरबी, स्पेनिस, फ्रेन्च, जर्मन, सिरियन, हिब्रुसमेत गरी दश भाषाको ज्ञान थियो। सन् १७९० मा डा. कुलेनको मेटेरियामेडिका (औषधीय गुण संग्रह पुस्तक) को अंग्रेजीबाट जर्मन भाषामा अनुवाद गर्ने क्रममा हेनिमेनले 'सिनकोना' भन्ने औषधिका बारेमा विशेष जानकारी पाए। एक स्वस्थ व्यक्तिले सिनकोनाको अर्क (एक्सट्राक्ट) सेवन गर्दा मलेरिया ज्वरोको जस्तै लक्षण उत्पन्न हुन्छ।

तर, सिनकोना मलेरिया ज्वरोको महत्वपूर्ण औषधि हो भन्ने यिनलाई थाहा भयो। आफ्नै शरीरमा सिनकोनाको अर्कको प्रयोगले डा.हेनिमेन यस निष्कर्षमा पुगे कि जुन औषधीय गुणयुक्त पदार्थ (औषधि) एउटा स्वस्थ मानिसमा प्रयोग गर्नाले जुन किसिमका लक्षण उत्पन्न हुन्छन्, उही औषधि त्यस्तै लक्षणयुक्त भएको रोगी व्यक्तिलाई (शक्तीकृत) रूपमा थोरै मात्रामा सेवन गराउनाले आरोग्य प्रदान गर्दछ।

यही कुराको चिन्तन-मनन गर्दा गर्दै उनको मनमा विचार आयो कि सिनकोनाको जस्तै प्रकृतिप्रदत्त अन्य औषधीय पदार्थमा पनि रोगोत्पादन र विनाश शक्ति विद्यमान छ। यसै आधारमा हेनिमेनले ६ वर्षसम्म अनवरत आफ्नो शरीरमाथि नाना प्रकारका औषधि परीक्षण गरे। यसै परीक्षणले हेनिमेनलाई 'समः समं शमयतिः' अर्थात जसले रोग उत्पन्न गर्दछ, उसैले रोग निको पार्छ भन्ने जानकारी भयो र उनले सदृश रोगको सदृश चिकित्सा भन्ने नयाँ सिद्धान्त प्रतिपादन गरे।

उनले समानताले समानताको उपचारको पद्धतिलाई व्यावहारिक एवं स्वाभाविक बनाए। यसप्रकार हेनिमेनले व्यापक परीक्षण, अनुभव एवं शोधपश्चात रोगको स्थायी चिकित्सा विधि खोजे र त्यसलाई होमियोप्याथी नाम राखे। होमियोप्याथी अर्थात रोगको सदृश चिकित्सा विज्ञान १८औं शताब्दीको अन्ततिरको एउटा चमत्कारी तर वैज्ञानिक चिकित्साजगत्को उपलब्धि हो।

यसको चिकित्सा दर्शनले विश्वलाई एक नयाँ चिकित्सा दर्शन दिएको छ जसको कुनै विकल्प छैन। होमियोप्याथीले विश्व स्वास्थ्य मिसन पूरा गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। जसको परिणाम आज हाम्रो सामु छ। होमियोप्याथी आज विश्वको नब्बेभन्दा बढी मुलुकमा मुख्यरूपले दक्षिण र उत्तरी अमेरिका, भेनेजुएला, अर्जेन्टिना, जर्मनी, युक्रेन, रुस, कनाडा, बेलायत, अमेरिका, फ्रान्स, जापान आदि मुलुकमा प्रचलित छ।

उल्लेखनीय कुरो के छ भने भारत, श्रीलंका, पाकिस्तान, ब्रिटेन, नेपाल आदि देशका स्वास्थ्य सेवामा होमियोप्याथी पनि समावेश गरिएको छ। एक रिपोर्टअनुसार विश्वमा लगभग १५ प्रतिशत भन्दा बढी मानिस होमियोप्याथी चिकित्सा पद्धतिद्वारा आफ्नो रोगको उपचार हुनेमा विश्वास गर्छन्। होमियोप्याथीको लोकप्रियताको अनुमान यस तथ्यबाट पनि लगाउन सकिन्छ कि आफ्नो जन्मको लगभग २०० वर्षभित्र नै समुन्द्रको गहराइलाई पार गर्दै विश्वको महत्वपूर्ण देशहरूमा फैलिएर जनस्वास्थ्यको विकल्प बन्नेतर्फ अग्रसर छ।

ध्यान दिनुपर्ने कुरो के छ भने विश्वको अन्य कुनै पनि चिकित्सा पद्धति यस्तो छैन जसको औषधि या उपचार विधि सरल, सौम्य, सुरक्षित, पीडामुक्त एवं दुष्प्रभावरहित होस्। यसका साथै संसारमा प्रचलित अन्य चिकित्सा पद्धतिमध्ये कसैको दर्शन लिखित या निश्चित छैन। होमियोप्याथी नै एक मात्र चिकित्सा पद्धति हो जसको दर्शन एवं सिद्धान्त निश्चित छ। यसमा रोगीको आचार, विचार, व्यवहार, शारीरिक बनावटदेखि लिएर उसको मनोभावना एवं व्यक्तित्वसमेतलाई ध्यानमा राख्दै औषधि छनोट गरिन्छ।

सिमलिमम (समान) औषधिको सेवनलै बिरामीलाई पूर्णरूपले स्वस्थ बनाउँछ। होमियोप्याथीको खास विशेषता के हो भने रोगीको उपचार आरम्भ गर्नका लागि तामझाम तथा धेरै जाँचपड्तालको आवश्यकता पर्दैन। आज पूरै विश्वमा जहाँ एलोप्याथिक उपचार गरिबको पहुँचबाट टाढा हुँदै गइरहेको छ। त्यही अपेक्षाकृत कम खर्चिलो हुने भएका कारण होमियोप्याथिक उपचार आममानिसको पहुँचमा छ।

केवल होमियोप्याथी औषधि नै यस्तो छ जसले आममानिसलाई अत्यधिक महँगो औषधिहरूको जालबाट निकाल्न सक्छ। विश्वमा होमियोप्याथिक चिकित्साविना सम्पूर्ण स्वास्थ्यको कल्पना सम्भव छैन। होमियोप्याथीले आफ्नो आविष्कारको लगभग २०० वर्षको अन्तरालमा रोगमुक्त समाजको स्थापनाको लक्ष्यलाई प्राप्त गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

अझै होमियोप्याथी सेवा विस्तारको असीमित संभावना विद्यमान छ। विशेषगरी विकासशील मुलुकहरू जहाँ स्रोत-साधनको पूर्णतया अभाव छ, सर्वसाधारणको आर्थिक अवस्था न्यून छ, त्यहाँ होमियोप्याथिक चिकित्साको महत्व अझ बढी छ। नेपालको स्वास्थ्य क्षेत्रमा होमियोप्याथिक चिकित्साले २००७ सालदेखि नै प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ। होमियोप्याथिक चिकित्साको क्षेत्रमा डा. हेनिमेनद्वारा प्रतिपादित सार्वभौम दर्शन एवं सिद्धान्तप्रति आमजनमानसमा सचेतना जागृत गर्ने बेला आइसकेको छ।

किनभने डा. हेनिमेनले विश्वलाई एउटा यस्तो चिकित्सा पद्धति दिएर गएका छन् जसको हालसम्म कुनै विकल्प छैन। प्रेरणादायी व्यक्तित्वहरूका उपलब्धिहरू राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समस्याहरूको समाधान, विशिष्ट विचार एवं दर्शन तथा सिद्धान्तहरूप्रति जनचेतना विकास गर्नका लागि अनेक प्रकारका विश्व दिवसको आयोजना बेला-बेलामा विभिन्न एन.जि.ओ., आइ.एन.जि.ओ. को माध्यमले गरिँदैछ।

होमियोप्याथीका जन्मदाता डा. हेनिमेनको २६२औं जन्मजयन्ती तथा विश्व होमियोप्याथिक दिवस पनि विभिन्न कार्यक्रम आयोजना गरी विश्वभर मनाइँदैछ। नेपालमा पनि यो दिवस मनाउन थालेको धैरै वर्ष भइसकेको छ।

# हरसिद्धिको १२ वर्षे नाच पशुपति क्षेत्रमा



**टुडे एक्सप्रेस** / काठमाडौँ

राजा विक्रमादित्यका पालामा सुरु भएर बन्द हुने र फेरि सुरु हुने क्रममा गरिँदै आएको हरसिद्धि नाच १२ वर्षपछि पशुपति क्षेत्रमा सञ्चालन गरिएको छ। हरसिद्धि (जलद्यो:) नाच मूल समितिको सक्रियतामा जयवागेश्वरी डबलीमा भइरहेको नाच शुक्रबारदेखि सुरु गरिएको हो। यो जात्रा प्रत्येक १२ वर्षमा ललितपुर महानगरपालिका वडा नं २८ बाट पशुपति क्षेत्रमा ल्याइने गरिन्छ। जात्रा हेर्नका लागि स्थानीयवासी एवं विभिन्न भागबाट आएका दर्शकको भीड लागेको छ। जात्राका लागि हरसिद्धि मन्दिरस्थित ललितपुर महानगरपालिका वडा नं २८ बाट १०० जना देवगण पशुपति क्षेत्रमा आएको मूल समिति संयोजक दिलीप वैद्यले जानकारी दिनुभयो। देवगणलाई चाबहिलको गोल्डेन लाइट पार्टी प्यालेसमा बस्ने र खाने व्यवस्थासहित राखिएको छ। हरसिद्धिलगायत विभिन्न स्थानबाट जात्रा लिएर आउनेलाई बस्न र खानका लागि बनाइएको जयवागेश्वरीका विभिन्न सत्तल २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति पुऱ्याएपछि पुन:निर्माणका क्रममा रहेकाले देवगणलाई पार्टी प्यालेसमा राख्नुपरेको समितिले जनाएको छ। पार्टी प्यालेसमा राखे पनि जात्राका लागि गरिनुपर्ने शुद्धतामा कमी आउन नदिएको संयोजक वैद्यले बताउनुभयो।

राजा विक्रमादित्यका पालामा सुरु भएको जात्रा उनकै पालामा रोकिएको थियो। विसं ११३३ मा अमर मल्लले यो नाचलाई निरन्तरता दिएको विभिन्न भाषा वंशावलीमा पाइने संस्कृतिविद् मुकुन्दराज वैद्यले बताउनुभयो। अमर मल्लले सुरु गरे पनि बीचमा यो नाच रोकिएकाले राजा प्रताप मल्लले फेरि सुरु गर्नुभएको थियो। विसं २०६६ अघि पनि करिब आधाशताब्दी जात्रा लोप भएको थियो। करिब ५० वर्षसम्म हरसिद्धिबाट पशुपति क्षेत्रमा नाच ल्याइएन ।हरसिद्धिवासी धर्मगोविन्द महर्जनले पञ्चायतकालमा गुठी संस्थान, पशुपति र हरसिद्धि क्षेत्रका बासिन्दा बीच समन्वय हुन नसक्दा जात्रा रोकिएको बताउनुभयो। तीनै पक्षको समन्वयमा ५० वर्षपछि ऐतिहासिक महत्वको नाचसहितको यो जात्रा फेरि सुरु गरिएको हो। अब भने स्थानीय सरकारलगायतको सहयोग लिएर पनि जात्रालाई निरन्तरता दिने प्रतिबद्धता समितिले गरेको छ। इतिहासमा उल्लेख भएअनुसार जात्रा सुरु भएको करिब दुई हजार वर्षअघिदेखि नै नेपालमा गीति नाटकको परम्परा रहेको पनि संस्कृतिविद् वैद्यले पुष्टि गर्नुभयो। जात्रा चैत २५ गते शुक्रबार पशुपति आएकामा नाचका सबै विधि पूरा गरी आजै बेलुकी सकिने जनाइएको छ। जात्राका लागि रु २० लाख बजेट पशुपति क्षेत्र विकास कोष, स्थानीयवासी र सहयोगीबाट जुटाइएको थियो ।ललितपुरको प्राचीन जतल गाउँभित्र हरसिद्धि भवानीलाई विराजमान गराएपछि त्यस स्थानको नाम नै हरसिद्धि रहन गएको हो। विक्रमसेन राजाले नेपालको राज्य पाएपछि गुह्येश्वरीबाट खड्ग र वर लिइ उज्जैनमा पुगेर त्यहाँका सत्रु हराएको र कुल देवता आह्वान गरेर कलशमा राखी हरसिद्धि ल्याएको देवमाला वंशावलीमा उल्लेख छ ।नाचमा विक्रमादित्यका केही प्रसङ्ग पनि नाटकका रुपमा देखाइन्छ। विक्रमादित्यले आराध्य देवीका रुपमा पूजा आराधना गर्ने हरसिद्धि माताकै कृपाले शासन चलाएको विश्वास गरिन्छ ।रासस

# नवौं तथा अन्तिम पटक जिब्रो छेडाउँदै बुद्धकृष्ण

**टुडे एक्सप्रेस** / भक्तपुर



मध्यपुरथिमि नगरपालिका बोडेमा हरेक नयाँ वर्षको वैशाख २ गते मनाइने विश्व प्रसिद्ध 'जिब्रो छेड्ने जात्रा' मा यस वर्ष नवौं पटक बोडेका ४९ वर्षीय बुद्धकृष्ण वागं श्रेष्ठले जिब्रो छेडाउनुहुने भएको छ।

मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा लामो समयदेखि एम्बुलेन्स चालकका रुपमा कार्यरत बुद्धकृष्णले यस वर्ष आफूले अन्तिम पटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिन लागेको बताउनुभयो ।बुद्धकृष्णले भन्नुभयो, "मानवीय सेवा र कलासंस्कृतिको संरक्षणमा लाग्दै आएको मैले यस वर्ष वैशाख २ गते नवौं पटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिने भएको छु, यो मेरो अन्तिम पटक हो, अर्को वर्ष म जिब्रो छेड्दिन, मेरो उमेरका कारणले पनि समस्या हुन्छ, अब युवापुस्ताले यो जात्रालाई जोगाउन जिब्रो छेड्न तयार हुनुपर्छ, लोप हुन दिनुहुँदैन, युवापुस्ता तयार हुनुपर्छ।"जिब्रो छेड्ने व्यक्तिले तीन दिनअघिदेखि केही नखाई व्रत बस्नुपर्छ। व्रत बसेदेखि जिब्रो नछेडेसम्म सुत्नसमेत नहुने र जिब्रो छेड्दा पीडा नहोस् भनेर सात दिनअघिदेखि नै नूनसमेत खान नहुने उहाँ बताउनुहुन्छ। व्रत बस्नेले जिब्रो छेड्नुअघि शक्ति प्राप्त होस् भन्ने कामनासहित बोडे क्षेत्रका विभिन्न देवीदेवताको पूजाआजा गर्ने र जिब्रो छेड्ने पाँचो गणेशको पाटीमा पुगेपछि जात्राका नकर्मी नाइकेले एक महिना अगाडिदेखि तयार पारेर तेलमा डुबाएर राखेको फलामको १० इञ्च लामो सुइरो जिब्रोमा छेडेर महादीप बोकेर एक घण्टा नगर परिक्रमा गरेर बोडेको महालक्ष्मी मन्दिरमा पुगेर सुइरो झिकेपछि जात्राको समापन हुने र भोज खाने प्रचलन छ ।बोडेको नीलबाराही मन्दिरसँग जोडिएको कथा र किंवदन्तीलाई पछिल्लो समय बिगारेर प्रचार गरेकामा दुखेसो व्यक्त गर्नुहुन्छ बुद्धकृष्ण। उहाँ भन्नुहुन्छ, "यो जात्रा नीलबाराही देवीको प्रतिष्ठासँग जोडिएको छ, जिब्रो छेड्ने व्यक्ति नीलबाराहीका देवगण हुन् तर यहाँका केही व्यक्तिले भनेको भन्दै पत्रकारले जिब्रो छेड्ने व्यक्तिलाई ख्याक र राक्षससँग जोडेर प्रचार गर्दा परम्पराको बदनाम भएको छ, त्यसैले पनि युवापुस्ता जिब्रो छेड्न तयार छैनन्, जिब्रो छेड्ने व्यक्ति ख्याक वा राक्षर होइनन्, देवगण हुन् यो सबैलाई बुझाइदिनुपऱ्यो।"

केही वर्ष अगाडिसम्म जिब्रो छेड्ने व्यक्तिले नै जात्राको सबै खर्च व्यहोर्नुपर्ने र भोजसमेत खुवाउनुपर्थ्यो भने जनप्रतिनिधि आएपछि नगरपालिकाले जात्रा सञ्चालनका लागि सहयोग गर्दै आएको छ।

जुजुभाइ बाँस श्रेष्ठले जिब्रो छड्ने बेलामा स्थानीय क्लब र युवाको सक्रियतामा जात्रालाई जोगाउन आर्थिक सङ्कलन गरी कोष खडा खरिएको थियो भने जनप्रतिनिधि आए पनि नगर प्रमुख मदन सुन्दर श्रेष्ठले यहाँका अधिकांश जात्रा परम्पराको संरक्षणका लागि भन्दै बजेट छुट्याएपछि यो जात्रा सञ्चालनमा पनि राहत मिलेको छ। नगर प्रमुख श्रेष्ठ भन्नुहुन्छ, "यहाँको पहिचान नै कला, संस्कृति हो, त्यसैले यहाँका मठ, मन्दिर, पाटीपौवा, पोखरी, धारा, इनार, पार्क मात्रै नभई अमूर्त कलाकारुपमा रहेको नाच, जात्रा, पर्व परम्परालाई पनि जोगाउनुपर्छ भनेर मैले हरेक वर्ष नगरपालिकाबाट बजेट छुट्याए, यस वर्ष पनि जात्रा चलाउन नगर पालिकाले बजेट दिएको छ, यसले जात्रा परम्परा र पर्वको संरक्षणमा टेवा पुगेको महसुस गरेको छु।"परापूर्वकालदेखि चल्दै आएको जिब्रो छेड्ने जात्रा सयौं वर्षदेखि कोरोना सङ्क्रमणका कारण विसं २०७६ मा रोकिए पनि त्यसपछि फेरि जात्राले निरन्तरता पाउँदै आएको छ ।जात्रा मध्यपुरथिमि बोडेका श्रेष्ठ थरीले प्राचीन पाँचो गणेश मन्दिर परिसरमा हजारौँ भक्तजनको उपस्थितिमा जिब्रो छेड्ने प्रचलन छ। जिब्रो छेडिसकेपछि ती व्यक्तिले अर्धचन्द्राकार महादीप बोकेर बोडे शहर परिक्रमा गर्ने र बोडेकै महालक्ष्मी मन्दिरको परिक्रमापछि उक्त सुइरो जिब्रोबाट झिकेर महालक्ष्मी मन्दिरमै ठोकेर घाउमा महालक्ष्मी मन्दिरको माटो लगाउने प्रचलन छ। हालसम्म १२ जनाबाट निरन्तर १०७ वर्ष जिब्रो छेडेका छन् .अहिलेसम्म १९६९ देखि १९९० सम्म हर्कनरसिंह बाँस श्रेष्ठले २२ पटक, विसं १९९१ देखि २०२२ सम्म बेखानारायण हाय श्रेष्ठ ३२ पटक, २०२३ मा हरिदेव किला श्रेष्ठले एक, २०२४ देखि २०२६ सम्म हरि भासिंक श्रेष्ठले तीन, २०२७ र २०२८ मा इन्द्र बाटा श्रेष्ठले दुई, २०२९ देखि २०३१ सम्म हर्केश्वर ब्याँ श्रेष्ठले तीन, २०३२ देखि २०३८ सम्म चन्द्रसेन द्यों श्रेष्ठले सात, २०३९ देखि २०४६ सम्म दीलकुमार खपे श्रेष्ठले सात, २०४७ मा मुनि घों श्रेष्ठले एक, २०४८ मा धर्मराज बलाय श्रेष्ठले एक, २०४९ देखि २०६० सम्म कृष्णचन्द्र बाग श्रेष्ठले १२ पटक, बुद्धकृष्ण बाग श्रेष्ठले २०६१ देखि २०६४ सम्म तथा २०७३ देखि २०७५ सम्म सात र जुजुभाइ बाँस श्रेष्ठले २०६५ देखि २०७२ सालसम्म आठ पटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिनुभएको थियो ।रासस

# देउराली सामुदायिक वन रेडपाण्डा अनुसन्धान केन्द्र

**टुडे एक्सप्रेस** / फुङ्लिङ



ताप्लेजुङ सदरमुकाम फुङ्लिङ नगरपालिका-९ पाथीभरा क्षेत्रस्थित देउराली सामुदायिक वन रेडपाण्डा अनुसन्धान तथा अनुसन्धान केन्द्र बनेको छ।

हिमाली संरक्षण मञ्चको सहजीकरण तथा रेडपाण्डा नेटवर्कको आर्थिक सहयोगमा भौतिक संरचना बनेको मञ्चका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिनुभयो।

जैविक विविधता तथा वन्यजन्तुको अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले निर्माण भएको संरचना कूल लागत रु एक करोड ५७ लाख छ। काठमाडौँस्थित एसएनपी निर्माण व्यवसायीले निर्माण गरिरहेको सो भवनको अङ्ग्रेजी अक्षर एल आकारको जग बसेको छ।

वातारणमैत्री भवन भएकाले जैविक सामग्री प्रयोग गरिएको छ ।निर्माण कम्पनीका सुभरभाइजर अमृत भट्टराईका अनुसार यो स्रोत केन्द्र बनाउँदा प्रयोग भएका सबै कच्चा पदार्थ वातावरणमैत्री र स्थानीय उत्पादनका सामग्री प्रयोग भएको जानकारी दिनुभयो। गोबर, खरानी, अण्डाको खोल, शुद्ध तोरीको तेल, चुना, माटो, परालको टुक्रालाई मुछेर स्रोत केन्द्रको निर्माणमा प्रयोग गरिएको छ। उल्लेखित सामग्रीको मिलानले संरचना वातावरणमैत्री बन्नुका साथै बलियो, टिकाउ र मौसम अनुकुलित प्रकृतिको हुने उहाँले बताउनुभयो। नेपालमा यस्ता कमै संरचना रहेको र त्यो तहको संरचना हिमाली जिल्ला ताप्लेजुङमा पनि बनेकामा पूर्वी नेपालकै लागि गौरवकै विषय भएको हिमाली संरक्षण मञ्चले जनाएको छ ।विसं २०७६ मङ्सिरदेखि भवनको निर्माण सुरु भएको हो। गएको असार मसान्तमा सम्पन्न हुनुपर्नेमा महामारीका कारण लामो समयको लकडाउनले तोकिएको समयमा पूरा गर्न नसकिएको उहाँले जानकारी दिनुभयो। भवन निर्माणकार्य ९९ प्रतिशत सम्पन्न भएको र अबको केही समयमै संरचना निर्माण सम्पन्न हुने निर्माण कम्पनीले जनाएको छ। देउराली भित्री वन सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष निमाकृपा शेर्पाले भवन बनेपछि वन र वन्यजन्तुको संरक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। स्थानीयस्तरमा भएको जैविक विविधता संरक्षणलगायत वातावरणमैत्री सेवाको प्रवर्द्धन तथा सदुपयोग गर्न, पर्यटन व्यवसाय सञ्चालन गरी वन उपभोक्ता समूहको आयआर्जनका स्रोत स्थापित गर्न तथा महत्वपूर्ण जडीबुटी, रेडपाण्डा र संरक्षित जङ्गली जनावर, पक्षी र दुर्लभ प्रजातिको प्रदर्शनी थलो बनाउन केन्द्र प्रभावकारी हुने उहाँको भनाइ छ ।मञ्चका सचिव विवश केदेमले पाथीभरा क्षेत्र रेडपाण्डाका लागि उपयुक्त बासस्थान भएको क्षेत्र भएकाले यो केन्द्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गरिने बताउनुभयो ।रासस

# डढेलो नियन्त्रण गर्न अभ्यास



**टुडे एक्सप्रेस** / चन्द्रौटा

कपिलवस्तुको शिवराज नगरपालिका-९ मा रहेको अजम्मरी सामुदायिक वनमा डढेलो नियन्त्रण गर्न स्थानीयवासीलाई अभ्यास तालिम प्रदान गरिएको छ। तेस्रो ध्रुव संरक्षण, दुर्लभ प्रजाति कोष र ध्वाँसे चितुवा संरक्षण समूहको सहयोगमा डढेलो नियन्त्रण गर्ने उपायलगायत आगो नियन्त्रण गर्न आवश्यक सामग्रीसमेत स्थानीयलाई हस्तान्तरण गरिएको छ ।उक्त सामग्री हस्तान्तरण गर्दै डिभिजन वन कार्यालय गौतमबद्धका प्रमुख दधिलाल कँडेलले डढेलो रोक्न स्थानीयवासी जागरुक हुनुपर्ने बताउनुभयो। गर्मीयाममा आगलागीको उच्च जोखिम रहेकाले सतर्कता अपनाउन कार्यालयले आग्रह समेत गरेको छ। वनमा डढेलो नियन्त्रण गर्नका लागि फारलाइन सफा गर्ने, पातपतिङ्गर जम्मा गरेर जलाउने, मानिसको नियन्त्रणमा राखेर आगोले अनावश्यक वस्तु जलाउ समेत कार्यालयले स्थानीयवासीलाई आह्वान समेत गरेको छ। "आगो कसरी लाग्न सक्छ र यसलाई नियन्त्रण कसरी गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिएका छौँ", उहाँले भन्नुभयो, "वनरक्षक तथा स्थानीय उपभोक्ता लागिपरेमा न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिएका छौँ।"अग्नि प्रतिरोधक जमसुट, वाटर स्प्रे ,हेलमेट, स्वाटरलगायत रु डेढ लाख बरावरको सामग्री सामुदायिक वनलाई वितरण गरेको तेस्रो ध्रुव संरक्षणका निर्देशक गङ्गाराम रेग्मीले जानकारी दिनुभयो। अजम्मरी सामुदायिक वन समूहका अध्यक्ष सुकमाया विकले आगो नियन्त्रण गर्ने तालिम पाएकामा नियन्त्रण गर्न सहज हुने बताउनुभयो। कतिपय समयमा आगो निभाउँदै गर्दा नागरिकनै आगोमा पर्ने तथा जल्ने समस्या रहेकाले अग्नि प्रतिरोधक सामग्रीले सहजता आउने जनाइएको छ। अग्नि नियन्त्रण अभ्यासलाई सहायक वन अधिकृत सञ्जय मिश्र, गणेश चौधरी र गणेश पुरीले सहजीकरण गर्नुभएको थियो ।रासस

# भोजपुरमा सत्ता साझेदार दलबीच सबै स्थानीय तहमा तालमेल

**टुडे एक्सप्रेस** / भोजपुर




आगमी वैशाख ३० गते हुने स्थानीय निर्वाचनमा सत्ता साझेदार दलले जिल्लाका सबै स्थानीय तहमा तालमेल गर्ने निर्णय गरेका छन्। केन्द्रको निर्णयबमोजिम शनिबार यहाँ बसेको स्थानीय पाँच दलको बैठकले जिल्ला समन्वय समिति, नौ स्थानीय तह र ८१ वटैमा वडामा तालमेल गरेर अघि बढ्ने निर्णय संयुक्त विज्ञप्तिमार्फत सार्वजनिक गरेका हुन्।

बैठकमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य उमेशजङ्ग रायमाझी, नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य अजम्बर काङमाङ राई, नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा सङ्घीय सांसद सुदन किराँती, कांग्रेस भोजपुरका सभापति विनोद बान्तावा, नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य रमेश शाक्यको उपस्थिति थियो। त्यस्तै जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य रामसिंह राई, एकीकृत समाजवादी भोजपुरका अध्यक्ष वीरजङ्ग राई र जनता समाजवादी पार्टी नेपाल भोजपुरका अध्यक्ष आशकुमार राईलगायतको संयुक्त बैठकले यस्तो निर्णय गरेको हो ।रासस

# दक्षिण कोरियामा एक लाख ६४ हजार ४८१ कोभिडका नयाँ सङ्क्रमित




**सोल,रासस / सिन्ह्वा**

दक्षिण कोरियामा गत शनिबार मध्यरातसम्म अर्थात २४ घण्टाको समयाअवधीमा कोरोना भाइरसका एक लाख ६४ हजार ४८१ नयाँ सङ्क्रमति थपिएका छन्। यसैसँगै कुल सङ्क्रमितको सङ्ख्या एक करोड ५३ लाख ३३ हजार ६७० पुगेको स्वास्थ्य अधिकारीहरूले आइतबार बताएका छन्।दक्षिण कोरियमा हाल अत्यधिक रुपमा कोरोना भाइरस ओमिक्रोन भेरियन्ट फैलिएको जनाइएको छ। गत २४ घण्टा भएमा सङ्क्रमित मध्ये २८ हजार ९०१ जना सोलका बासिन्दाहरू रहेका छन्। ग्योन्गी प्रान्त र पश्चिमी बन्दरगाह सहर इन्चेनमा बसोबास गर्ने नयाँ संक्रमितको संख्या क्रमशः ४२ हजार ३५३ र ८ हजार ५९४ रहेका समाचारमा जनाइएको छ। हाल गम्भीर अवस्थामा रहेका संक्रमितको संख्या अघिल्लो दिनको तुलनामा १५ ले बढेर १ हजार ११४ पुगेको छ। कोभिड-१९ बाट थप ३२९ जनाको मृत्यु भएको पुष्टि भएसँगै हाल दक्षिण कोरियामा कोरोनाबाट कुल मृतकको संख्या संख्या १९ हजार ४२१ पुगेको छ। कुल मृत्यु दर ०.१३ प्रतिशत रहेको समाचारमा जनाइएको छ। यहाँ चार करोड ४५ लाख १४ हजार ४६२ जनाले कोरोना भाइरसविरुद्ध खोपको दुई डोज प्राप्त गरेका छन् कोरोनाको दुई डोज प्राप्त गर्ने यो संख्या कुल जनसंख्याको ८६.७ प्रतिशत भएको समाचारमा जनाइएको छ।

# ट्रम्पले आगामी अमेरिकी राष्ट्रपति चुनावमा उम्मेदवारी दिन सक्ने



**अमेरिका, रासस / एएनआई**

पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले फेरि राष्ट्रपतिको उम्मेदवारी दिनसक्ने बताउनु भएको छ। यद्यपि यस सम्बन्धमा अहिलेसम्म कुनै आधिकारिक घोषणा भने भइसकेको छैन।"सत्य यो हो कि म दुई पटक राष्ट्रपतिको दौडमा भाग लिएँ, मैले दुई पटक जितें, मैले पहिलो पटक भन्दा दोस्रो पटक धेरै राम्रो गरें। र अब हामीले यो फेरि दौडमा भाग लिनुपर्ने हुन सक्छ।के यहाँ कोही छ जसले मलाई निर्वाचनमा भाग लिएको हेर्न चाहन्छ?" सेल्मा, उत्तरी क्यारोलिनामा शनिबारको र्‍यालीमा ट्रम्पले आफ्ना समर्थकहरूलाई प्रतिप्रश्न गर्नुभयो।

ट्रम्पले अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनलाई "एकपछि अर्को अपमानजनक आत्मसमर्पण" गरेको आरोप लगाउनु भएको छ। ट्रम्पले अमेरिकासँग सबैभन्दा बलियो आणविक क्षमता भएको पनि औंल्याउनु भयो।मार्चको अन्त्यमा ट्रम्पले फक्स बिजनेशलाई भन्नुभएको थियो यदि उहाँ अहिले पनि राष्ट्रपति भइरहेको भए रुसलाई आणविक पनडुब्बीको धम्की दिनुहुने थियो। यस महिनाको शुरुमा द हिलले रिपोर्ट गरेको पोल डाटाले ट्रम्प सन् २०२४ को काल्पनिक राष्ट्रपति अभियान म्याचअपमा राष्ट्रपति बाइडेन र उपराष्ट्रपति कमला ह्यारिस दुबै भन्दा अगाडि भएको देखाएको थियो।

# सत्रको मृत्यु



**आदिअबाबा, रासस / सिन्ह्वा**

इथियोपियामा भएको सडक दुर्घटनामा परी १७ जनाको ज्यान गएको छ। यहाँका अधिकारीहरूले शनिबार भएको सो दुर्घटामा परेर १७ जनाको मृत्यु भएको जानकारी दिएका छन्। इथियोपियाको ओर्मिया नामक मध्य क्षेत्रमा अवस्थित राज्यमा सो दुर्घटना भएको थियो।

उक्त दुर्घटनामा परेर अरु केही घाइते भएका छन्।यात्रुबाहक बसले क्षमताभन्दा बढी यात्रु बोकेका कारणले दुर्घटनामा परेको यहाँ सो राज्यको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बसले आफ्नो क्षमता भन्दा धेरै बढी संख्यामा यात्रु बोकेको थियो। त्यसमा के कति जना थिए भन्ने बारेमा भने प्रहरीले केही बताएको छैन। प्रहरीले दुर्घटनाको अरु पनि केही कारण छ कि भनेर अनुसन्धान सुरु गरेको बताएको छ। सोही क्षेत्रमा गएको मंगलबार पनि बस र ट्याक्सी आपसमा जुधेर भएको दुर्घटनामा परी छ जनाको ज्यान गएको थियो भने अरु पाँच जना घाइते भएका थिए।उक्त ओमरिया राज्यको अदाबा जिल्लामा केही समय यतादेखि दुर्घटना बढेको भन्दै प्रहरीले अनुसन्धान थालेको यहाँका यातायात अधिकारीहरूले जानकारी दिएका छन्।

# पाकिस्तानको संसद्ले सोमबार नयाँ प्रधानमन्त्री चयन गर्ने

**पाकिस्तान, रासस / एएनआई**



इमरान खानको सरकारले विश्वासको मत गुमाएपछि पाकिस्तानको संसद्ले नयाँ प्रधानमन्त्री चयन गर्न अप्रिल ११ (सोमबार) का लागि मतदान गर्ने प्रक्रिया अगाडि बढाएको छ।

सर्वोच्च अदालतले यसअघि विपक्षी प्रायोजित अविश्वास प्रस्तावलाई खारेज गर्ने उपसभामुखको निर्णयलाई खारेज गरिदिएसँगै राष्ट्रिय सभामा उच्च राजनीतिक गतिरोधको अन्त्यका लागि इमरान खान सरकारलाई सत्ताबाट बहिर्गमित गरिएको छ।कुल ३४२ सदस्यीय सदनमा प्रस्तावको पक्षमा १७४ सदस्यले मतदान गरेका थिए। मतदानका क्रममा सत्तारुढ पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का सदस्यहरू उपस्थित थिएनन्।राष्ट्रिय सभाका अध्यक्ष अयाज सादिकलाई उद्धृत गर्दै डन अखबारले नयाँ प्रधानमन्त्रीका लागि आज (आइतबार) दिउँसो २ बजेसम्म मनोनयनपत्र पेस गर्न सकिने र दिउँसो ३ बजेसम्म छानबिन हुने बताएको छ।उनले सोमबार बिहान ११ बजे अधिवेशन आह्वान गर्दै त्यसपछि नयाँ प्रधानमन्त्री चयन गरिने बताए।पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) का अध्यक्ष शेहबाज शरीफ, जो हाल नेशनल एसेम्बलीमा विपक्षी नेता छन् आगामी प्रधानमन्त्री बन्ने निश्चित प्रायः छ।

# विश्वकप पुग्ने सपना पूरा नभए पनि सम्झनलायक प्रदर्शन

**टुडे एक्सप्रेस / काठमाडौं**

वर्ष २०७८ मा नेपाल विश्वकप पुग्नबाट बञ्चित भए पनि नेपाली क्रिकेट मैदान भित्र र मैदान बाहिर उति नै छायो। कोभिड-१९ को कारण केही समय क्रिकेट गतिविधि प्रभावित बन्यो। तर जति अन्तर्राष्ट्रिय प्रतियोगिता भए विश्वकप छनोटलाई छाड्ने हो भने नेपालको प्रदर्शन औसत रह्यो। खेलमा नेपाल चर्चामा रह्यो।नेपालले घरेलु मैदानमा खेलेका दुईटै त्रिकोणात्मक टी-२० श्रृंखला जित्यो। तर, क्रिकेट विश्वकप लिग टूमा खेलेका दुईवटा त्रिकोणात्मक श्रृंखलामा प्रदर्शन औसत रह्यो।त्रिकोणात्मक टी-२० श्रृंखलाबाट सुरु भएको वर्षक त्रिकोणात्मक टी-२० श्रृंखला जित्दै बिदाई भयो। तर विवकप पुग्न नसकेको पीडा भने रहिरह्यो। पपुवान न्यूगिनी (पीएनजी) विरुद्ध दुई वटा द्विपक्षीय एकदिवसीय श्रृंखला खेलेको नेपालले एउटा श्रृंखलामा जितको क्लिन स्वीप गऱ्यो त अर्कोमा हारको।मैदान भित्र खेलाडीको ब्याट र बल चल्दा मैदान बाहिर पनि यस वर्ष धेरै गतिविधि भयो। नेपाली क्रिकेटका लेजेण्ड पारस खड्काको सन्यासदेखि युवा ग्लोबल स्टार सन्दीप लामिछाने कप्तान बन्दा यसले ठूलो चर्चा पायो।

यसैगरी विश्वकप विजेता प्रशिक्षक डेभ वाटमोरको बहिर्गमन र पुबुदु दासानायकेको पुनः आगमन अर्को चर्चाको विषय बन्यो।प्रशिक्षक परिवर्तन, कप्तानसहित खेलाडी कारवाही अनी कप्तान परिवर्तन हुँदा नेपाली क्रिकेटमा ठूलै हलचल आयो। जसमा गर्दा टिममा गुट नै प्रष्ट रुपमा देखियो। यसमा मार अन्ततः नेपाली क्रिकेटलाई नै पऱ्यो। विवाद छताछुल्ल भयो।यसबाहेक पनि अर्को ठूलो चर्चाको विषय नेपाल टी-२० विश्वकपमा छनोट हुन नसक्नु रह्यो। युएई विरुद्ध निर्णायक खेलमा चुक्दा ८ वर्षपछि फेरि टी-२० विश्वकप पुग्ने नेपालको सपना अधुरै रह्यो। यसबाट नेपाली क्रिकेट पक्कै केही समय पछि धकेलिएको छ।नेपालले आफ्नो ५०औं टी-२० अन्तर्राष्ट्रिय खेल पनि यसै वर्ष खेल्यो।नेपाली क्रिकेटको अविभावक संस्था नेपाल क्रिकेट संघ (क्यान) ले आफ्नो वार्षिक साधारण सभा पनि गऱ्यो।

युएईले रोक्यो नेपालको विश्वकप यात्रा

टी-२० विश्वकपको ग्लोबल छनोटको सेमिफाइनलमा युएईसँग पराजित भएपछि नेपाल दोस्रो पटक टी-२० विश्वकप पुग्नबाट बन्चित रह्यो।

यसअघि सन् २०१४ मा नेपाललाई पहिलो पटक विश्वकप पुऱ्याएका प्रशिक्षक पुबुदु नै यस पटक नेपालका प्रशिक्षक थिए। युवा स्टार सन्दीप लामिछानेको कप्तानीमा नेपाली टिममा युवा खेलाडीको बाहुल्य थियो। ग्लोबल छनोट एमा नेपालले कूल ५ खेल खेल्दा एउटा मात्र खेलमा पराजय बेहोऱ्यो। युएई विरुद्ध सेमिफाइनलको त्यही एक हारले नेपालले टी-२० विश्वकप गुमायो।नेपालले युएई विरुद्ध यस वर्ष टी-२० र एकदिवसीयमा गरी ४ खेल्यो। चारवटैमा नेपाल पराजित भयो। टी-२० ग्लोबल छनोट र त्यसअघि चार देश सम्मिलित टी २० श्रृंखला र युएईमै भएको लिग टूको त्रिकोणात्मक श्रृंखलाको दुवै खेलमा नेपाल युएईसँग पराजित भयो।

पीएनजी विरुद्ध एकै वर्ष ९ खेल

नेपालले वर्ष २०७८ मा खेलका खेलहरू मध्ये पपुवा न्यूगिनी (पीएनजी) विरुद्ध झण्डै एक तिहाई अर्थात ९ खेल खेल्यो। जसमा एकदिवसीय खेल ६ र टी-२० मा ३ खेल थियो।नेपालले यही वर्ष पीएनजीसँग दुई वटा द्विपक्षीय श्रृंखला खेल्यो। भदौमा ओमानमा भएको श्रृंखलाको दुवै खेलमा नेपाल विजयी भयो।

तर चैतमा घरेलु मैदानमै भएको एकदिवसीय श्रृंखलामा भने नेपाल विरुद्ध पीएनजीले दुवै खेल जित्दै श्रृंखला क्लिन स्वीप गऱ्यो।त्यसअघि चैतमै युएईमा भएको क्रिकेट विश्वकप लिग टूको श्रृंखलामा भने नेपालले पीएनजीलाई दुवै खेलमा पराजित गरेको थियो। एकदिवसीयमा ६ खेल खेल्दा नेपालले पीएनजीलाई ४ खेलमा हरायो। २ खेलमा पीएनजी विजयी भयो।टी-२० तर्फ भने चैतमा नेपालमै नेपाल, पीएनजी र मलेसिया सम्मिलित त्रिकोणात्मक श्रृंखला भयो। जसमा नेपालले लिगमा दुई पटक र फाइनलमा गरी तीनवटै खेलमा पीएनजीलाई पराजित गऱ्यो।यस्तै नेपालले ओमानसँग पनि ५ खेल खेल्यो। जसमा नेपालले ४ खेल जित्दा ओमानले एक खेल जितेको थियो।भदौमा भएको लिग टूमा नेपाल र ओमानले एक एक खेल जितेको थियो।

त्यसपछि फागुनमा ओमानमा भएको टी-२० ग्लोबल छनोटको समूह चरण र तेस्रो स्थानको लागि भएको दुवै खेलमा नेपाल विजयी भएको थियो। त्यसअघि ओमानमै भएको चार देश सम्मिलित श्रृंखलामा पनि नेपालले ओमानलाई हराएको थियो।

लिग टूमा औसत प्रदर्शन

सन् २०२३ मा भारतमा हुने एकदिवसीय विश्वकपको छनोटको आधार रहेको क्रिकेट विश्वकप लिग टू अन्तर्गत नेपालले यष वर्ष दुईटा त्रिकोणात्मक श्रृंखला खेल्यो। जसमा नेपालले प्रदर्शन औसत रह्यो। लिग टूमा नेपालले कूल ८ खेल खेल्दा ४ खेल जित्यो भने ४ खेलमा पराजित भयो। भदौमा ओमानमा भएको अमेरिकासमेत सम्मिलित लिग टू श्रृंखलामा नेपालले ओमान र अमेरिकालाई एक-एक खेलमा हरायो भने दुवै टिमसँग एक-एक खेलमा पराजित भयो।यस्तै चैतमा युएईमा सम्पन्न नेपाल, युएई र पीएनजी सम्मिलिति श्रृंखलामा नेपाल युएई विरुद्ध दुवै खेलमा पराजित हुँदा पीएनजीलाई दुवै खेलमा हरायो।७ टिम सहभागी लिग टूमा नेपालले १२ खेल खेल्दा ६ जित र ६ हारबाट १२ अंक जोडेर छैटौं स्थानमा छ। लिग टूमा नेपाल सबैभन्दा कम खेल खेल्ने टिम हो। कूल ९ वटा श्रृंखला खेल्न पाउने लिग टूमा नेपालले २०२० मा नेपाल, अमेरिका र ओमान सम्मिलित श्रृंखला खेलेको थियो।नेपालले अझै ६ श्रृंखला (२४ खेल) खेल खेल्न बाँकी छ। कोभिड १९ को असरका कारण यही वर्ष तय भएको नेपाल, अमेरिका र ओमानबीचको श्रृंखला भने हुन सकेन।नेपाली टिमका सदस्य दीपेन्द्र सिंह ऐरीले पनि लिग टूमा नेपालको प्रदर्शन अहिलेसम्म औसत नै रहेको माने। 'हाम्रो अहिलेसम्मको प्रदर्शन हेर्दा धेरै राम्रो पनि छैन। नराम्रो पनि छैन। हामीले अब बाँकी २४ मध्ये १६ खेल जित्यौं भने हामी माथि हुन्छौं।' लिग टू को शीर्ष तीन स्थानमा रहने टोली एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा पुग्नेछ।

१२ खेलाडीको अन्तर्राष्ट्रिय डेब्यु

वर्ष २०७८ मा १२ खेलाडीले राष्ट्रिय टिममा डेब्यु गरे। जसमा चार खेलाडीले ओडीआई र टी-२०आई दुवै फर्मयाटमा डेब्यु गरे भने ५ खेलाडीले टी-२० अन्तर्राष्ट्रियमा मात्र डेब्यु गरे। यस्तै तीन खेलाडी ओडीआईमा मात्र डेब्यु गरे।

कुशल भुर्तेल र आसिफ शेख नेपालले यसवर्ष पाएको सबैभन्दा ठूलो प्रतिभा हो। वैशाखमा त्रिकोणात्मक टी-२० श्रृंखलामा डेब्यु गरेका यी दुईले भदौमा लिग टूमार्फत ओडीआईमा पनि डेब्यु गरे। कुशल र आसिफको रुपमा नेपालले दुवै फर्मयाटमा ओपनिङ जोडी पनि पायो।यसअघि नेपालले ओपनिङमा खेलाडीहरू परिवर्तन गरिरहेको अवस्थामा यो वर्ष भने यी दुईले अपवाद बाहेक सबै खेलमा ओपनिङ गरे।कुशल र आसिफसँगै स्पीनर सागर ढकाल र तिव्र गतिका बरल गुलशन झा ले दुवै फर्मयाटमा डेब्यु गरे।यसबाहेक शाहब आलम, विवेक यादव, लोकेश बम, दीलिप नाथ र आदिल अन्सारीले टी-२० आईमा डेब्यु गरे। विकेटकिपर दीलिप सन् २०१७ मै नेपालका लागि लिस्ट ए खेले पनि राष्ट्रिय टिममा पुनरागमन गर्दै टी-२० अन्तर्राष्ट्रियमा डेब्यु गरेका हुन्।यस्तै राष्ट्रिय टिममा पुनरागमन गरेका विक्रम सोब र भीम सार्कीले यस वर्ष ओडीआईमा डेब्युको अवसर पाए। विक्रम सोबले भदौमा ओमानमा पीएनजी विरुद्ध डेब्यु गर्दै पहिलो बलमै विकेट लिए।यस्तै यू १९ टिमका कप्तान देव खनालले पनि चैतमा पीएनजी विरुद्ध घरेलु मैदानमा डेब्यु गरे।यसबाहेक अघिल्लो वर्ष नै ओडीआईमा डेब्यु गरिसकेका तिव्र गतिका बलर कमल सिंह ऐरीले पनि २०७८ मा टी-२० आईमा डेब्यु गरे।

टी-२०आईमा ६ पटक २०० भन्दा माथिको स्कोर

नेपालले यस वर्ष १८ वटा टी-२० आई खेल्यो। यो एकै खेल नेपालले खेलेको दोस्रो सर्वाधिक खेल हो। यसअघि २०७६ सालमा नेपालले १९ टी-२०आई खेल खेलेको थियो।तर २०१९ मा नेपालले खेलेको १८ टी-२० खेलमा भने धेरै उपलब्धी हात पाऱ्यो। नेपाल १४ खेलमा विजयी हुँदा जम्मा चार खेलमा मात्र पराजित भयो। नेपालले दुई त्रिकोणात्मक श्रृंखला खेल्दा १० मा ९ खेल जितेको थियो। यस्तै विश्वकप छनोटमा ४ र चार देश सम्मिलित श्रृखलामा १ खेल जित्यो।नेदरल्याण्ड्स, युएई, आयरल्याण्डसँग नेपाल पराजित भयो। युएईसँग भने दुवै टी-२० मा पराजित भयो। युएईसँगको टी-२० विश्वकप छनोटको हार भने नेपालको लागि महँगो सावित भयो। बाँकी तीन हार भने त्रिकोणात्मक र चारदेशीय श्रृंखलामा थियो।महत्वपूर्ण खेलमा युएईसँग पराजित खेललाई छाड्ने हो भने यस वर्ष नेपालले धेरै उपलब्धी हात पारेको छ।नेपालले नेदरल्याण्ड्स जस्तो टिमलाई २ पटक पराजित गर्दा ओमान र पीएनजीलाई समान ३ पटक अनिप मलेसियालाई चार पटक हरायो।यस्तै नेपालले एकै वर्ष ६ पटक २०० भन्दा माथिको स्कोर बनायो। नेपालले अहिलेसम्म टी-२० मा ७ पटक दुई सय भन्दा माथिको रन बनाउदा ६ पटक यसै वर्ष बन्यो।वैशाखमा भएको नेदरल्याण्ड्स विरुद्धको खेलमा नेपालले कीर्तिपुरस्थित त्रिवि मैदान २३८ रन बनाएको थियो जुन नेपालको अहिलेसम्मको ठूलो स्कोर हो। योसहित ५ ठुला स्कोर त्रिवि मैदानमै बन्यो।त्यसअघि नेपालले २०७६ मा १३औं सागमा भुटान विरुद्ध २३६ रन बनाएको थियो। यस्तै चैतमा भएको त्रिकोणात्मक श्रृंखलामा नेपालले मलेसिया विरुद्ध २२३ रन बनायो। त्यसअघि फागुमा ओमानमा भएको टी-२० विश्वकप छनोटमा फिलिपिन्स विरुद्ध २१८ रन बनाएको थियो।त्रिवि मैदानमै वैशाखमा नेपालले मलेसिया विरुद्ध २१७ र नेदरल्याण्ड्स विरुद्ध २०६ रन बनाएको थियो। यस्तै चैतमा भएको श्रृखलामा पीएनजी विरुद्ध २०३ रन बनाएको थियो।व्यक्तिगततर्फ पनि नेपाली खेलाडीले उपलब्धी हात पारे। यस वर्ष चार शतक बन्यो। कुशल भुर्तेलले टी-२० मा फिलिपिन्स विरुद्ध ग्लोबल छनोटमा शतक प्रहार गरे। कुशलले टी-२० अन्तर्राष्ट्रिय डेब्युदेखि लगातार तीन खेलमा अर्धशतक प्रहार गर्दै कीर्तिमान बनाएका थिए।यस्तै रोहित पौडेलले चैतमा पीएनजी विरुद्ध एकदिवसीय खेलमा शतक प्रहार गरे। रोहितले बनाएको १२६ रन एकदिवसीय अन्तर्राष्ट्रियमा नेपाली खेलाडीको उच्च स्कोर हो।पीएनजी विरुद्धको दोस्रो एकदिवसीयमा दीपेन्द्र सिंह ऐरीले पनि शतक प्रहार गरे। यस्तै चैतमा भएको त्रिकोणात्मक टी-२० श्रृंखलामा मलेसिया विरुद्ध अविजित ११० रन प्रहार गर्दै दीपेन्द्र पारस पछि दुवै फर्म्याटमा शतक प्रहार गर्ने खेलाडी बने। दीपेन्द्रले बनाएको ११० रन टी-२० अन्तर्राष्ट्रियमा नेपाली खेलाडीको उच्च स्कोर हो। दीपेन्द्र शतक प्रहार गर्ने ओडीआईमा तेस्रो र टी-२०आईमा चौथो खेलाडी हुन्। दीपेन्द्र टी-२० मा नेपालका लागि एक हजार रन पूरा गर्नेसमेत पहिलो खेलाडी बने।

पारसको सन्यास

नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्काले यसै वर्ष साउनमा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास घोषणा गरे। सन् २००२ देखि क्रिकेट यात्राको सुरुआत गरेका पारसले सन् २००९ देखि २०१९ सम्म नेपाली राष्ट्रिय टोलीको नेतृत्व गरेका थिए। पारसको कप्तानीमा नेपालले डिभिजन फाइभदेखि माथि उक्लँदै पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएको थियो। पारसले राष्ट्रिय टिमको कप्तानबाट १५ अक्टोबर २०१९ मा राजीनामा दिएका थिए।

नेपाली क्रिकेट अहिलेसम्म पाएका उत्कृष्ट खेलाडी पारसले खेलाडी जीवनपछि टिमसँग मिलेर क्रिकेट एक्सलेन्स सेन्ट (सीईसी) नाम एकेडेमी सञ्चालन गरिरहेका छन्।

कप्तान र उपकप्तानमाथि कारवाही, सन्दीप नयाँ कप्तान

मंसिरमा नेपाल क्रिकेट संघ (क्यान) ले राष्ट्रिय क्रिकेट टिमका तत्कालीन कप्तान ज्ञानेन्द्र मल्ल र उपकप्तान दीपेन्द्र सिंह ऐरीसहित चार खेलाडीलाई कारबाही गर्दै पदबाट मुक्त गर्ने निर्णयले पनि यस वर्ष ठूलो चर्चा पायो।

# सामुदायिक वनमा फलफूल खेती



**टुडे एक्सप्रेस** / बलेवा

हरेक नागरिकलाई उत्पादनसँग जोड्ने भन्दै यहाँको एक वडाले सामुदायिक वनमा फलफूल खेती थालेको छ। काठेखोला गाउँपालिका-७ रेशले स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँग मिलेर फलफूल खेती थालेको हो।

बहुवर्षे उत्पादन दिने फलफूलका बिरुवा सामुदायिक वनमा लगाइएको वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो। काम नलाग्ने रुखमात्रै हुर्काएर सामुदायिक वनबाट किसानले फाइदा लिन नसक्ने जनाउँदै वडाले वनमा उत्पादन गर्न सकिने फलफूलका बिरुवा लगाउन सुरु गरेको हो। पहिलो चरणमा वडामा रहेका दुईवटा सामुदायिक वनमा फलफूल लगाइएको छ।

जापानिज नास्पाती, एभोगाडो, प्लम, टिमुरलगायतका फलफूल र औषधिजन्य जडीबुटीका बिरुवा वनमा लगाइएको लामिछानेले बताउनुभयो। साङ्ला सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा दुई हजार ५०० बिरुवा लगाइएको उहाँले बताउनुभयो। डिभिजन वन कार्यालय बागलुङ, कृषि ज्ञान केन्द्रलगायतका संस्थाले वडाको अभियानमा बिरुवा सहयोग गरेका थिए। रेशकै मौवाघारी सामुदायिक वनमा पनि परीक्षणका रूपमा फलफूलका बिरुवा लगाउन थालिएको उहाँले बताउनुभयो।

वनमा फलफूलका बिरुवा लगाउँदा सामुदायिक वन उपभोक्ता समूहको आम्दानी बढ्ने र बाँदर नियन्त्रणमा समेत सहयोग पुग्ने वडाको विश्वास छ। "चिलौने, उत्तिस, अँगेरीलगायतका बिरुवाको वनले मात्रै उपभोक्तालाई फाइदा दिन सक्दैन", उहाँ भन्नुभयो, "वनको खाली जग्गामा लगाइएको फलफूलले बहुवर्षे उत्पादन दिँदा समूहमा रहेका सबैलाई फाइदा हुन्छ।"

वन पनि नमासिने र फलफूल पनि हुर्किने गरी खाली जमिनमा बिरुवा लगाउन वडाले भनेको छ।

बाँदरले खान मिल्ने फलफूल वनमै हुँदा घर गाउँमा डुल्ने बाँदर वनमा रोकिने र खेतीपाती जोगिने वडाको विश्वास छ। टिमुरलगायतका औषधिजन्य जडीबुटीबाट सामुदायिक वनले आयआर्जन गर्न सक्ने स्थानीय रामचन्द्र शर्माले बताउनुभयो। "फलफूलकै वन बनाउँदा केही बिग्रिने होइन, भएका रुख नमास्ने र खाली जमिनमा फलफूल लगाउने गरिएको छ", उहाँले भन्नुभयो, "बाँझो जमिनमा पनि उत्पादनसँग जोडिने खेती गर्न थालिएको छ।"

रेशमा नौ सामुदायिक वन छन्। सबै सामुदायिक वनमा क्रमशः फलफूल खेती विस्तार गर्ने योजना रहेको लामिछानेले सुनाउनुभयो।

अघिल्लो आर्थिक वर्षमा रु पाँच लाख खर्चेर फलफूल तथा जडीबुटीका बिरुवा लगाएको वडाले ती बिरुवाको संरक्षण र गोडमेलको जिम्मेवारी सामुदायिक वनलाई नै दिएको छ।

पशुपालन र खेतीपाती धेरै हुने रेशका सामुदायिक वनमा हुने घाँसले किसानलाई सहयोग गर्ने गरेको छ।

फलफूल तथा जडीबुटी उत्पादन सुरु हुँदा किसान उपभोक्तालाई आर्थिकरूपमा थप सहयोग पुग्ने वडाध्यक्ष लामिछानेले बताउनुभयो।रासस

छापावाल सुन प्रति तोला रु.९३,७००/-
तेजावी सुन प्रति तोला रु.९३,२००/-
चाँदी प्रति तोला रु.१,२६०/-

# ङादीखोलाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने



**टुडे एक्सप्रेस** / लमजुङ

ङादी जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने भएको छ। निर्माण सम्पन्न गरेको करिब दुई महिना बित्दासमेत उत्पादित ३० मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन सकेको थिएन। मर्स्याङ्दी गाउँपालिका-६ ङादीखोलाबाट गत पुसमा विद्युत् उत्पादन गरिएको थियो।

उक्त बिजुली खेर गइरहेको आयोजना कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तम अमात्यले बताउनुभयो। आयोजनाको बिजुली २२० केभी मर्स्याङ्दी करिडोर प्रसारण लाइनअन्तर्गतको खुदी सवस्टेसनमा जोड्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता भएको छ। प्राधिकरणसँग सम्झौता गरिएअनुसार प्रसारण लाइन बनाउन नसक्दा वैकल्पिक रुपमा ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' को भुलभुले-मर्स्याङ्दी प्रसारण लाइनमा जडान गर्न आयोजना अघि बढे पनि सहमति जुट्न नसक्दा उक्त आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन नसकेको हो। प्राधिकरणसँग सहमती भइसकेको अवस्थामा माथिल्लो मर्स्याङ्दी 'ए' को चिनियाँ कम्पनी सिनो हाइड्रोले सहमति नदिँदा लाइन जडान हुन नसक्दा समस्या उत्पन्न भएको बताइएको छ। सम्बन्धित मन्त्रालय र प्राधिकरणबाटै सोही लाइनमा जोड्न निर्देशन दिइसकेको र केही दिनभित्र बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने अमात्यले बताउनुभयो। आयोजनाका प्रशासकीय अधिकृत वासुदेव गड्तौलाले २२० केभीको प्रसारण लाइनमा जोड्न खुदी सवस्टेशनसम्म ६ किलोमिटर प्रसारण लाइन निर्माण गरिएको छ। च्याम्पाटाको १३२ केभीसम्म पुऱ्याउन थप तीन किलोमिटर प्रसारण लाइन आयोजना आफैले निर्माण गरेको छ।

निर्माणाधीन २२० केभीको प्रसारण लाइनको खुदी सवस्टेशनको हालसम्म ३५ प्रतिशत काम सम्पन्न भएको छ। विसं २०७३ चैतदेखि निर्माण थालनी गरेको आयोजना तीन वर्षभित्र सम्पन्न गरिसक्ने सम्झौता थियो। पटक-पटक म्याद थपिएको उक्त आयोजनाको लागत रु ६ अबभन्दा बढी रहेको छ। आयोजनामा एभरेष्ट बैंकको अगुवाइमा पाँच बैंकले रु साढे चार अर्ब ऋण लगानी गरेका छन्। बुटवल पावर कम्पनीको २५ प्रतिशत लगानी छ।रासस

# चिस्यान केन्द्र निर्माण



**टुडे एक्सप्रेस** / खोटाङ

किसानले उत्पादन गरेका कृषि उपज भण्डारण गर्न दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुइपास्थित पञ्चदोबाटोमा कोल्डस्टोर (चिस्यान केन्द्र) निर्माण गरिएको छ।

सङ्घीय सांसद निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा ३० टन भार क्षमताको कोल्डस्टोर निर्माण गरिएको हो।

स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमको रु ५० लाख र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको रु ४० लाख गरी कूल रु ९० लाखको लागतमा निर्माण गरिएको चिस्यान केन्द्र शुक्रबारबाट सञ्चालनमा ल्याइएको छ। लाखौँको कृषि उपज कारोबार हुने बुइपास्थित पञ्चदोबाटोको शुक्रबारे हटियामा यसअघि चिस्यान केन्द्र नहुँदा किसानलाई भण्डारणमा ठुलो समस्या हुने गरेको थियो।

चिस्यान केन्द्र सञ्चालनमा आएसँगै वर्षौंदेखि कृषकले भोग्दै आएको भण्डारण सम्बन्धी समस्या अन्त्य भएको बुइपाका वडाध्यक्ष दिनेश राईले बताउनुभयो। चिस्यान केन्द्रमा किसानले उत्पादन गरेका कृषि उपज न्यूनतम मूल्यमा भण्डारण गरेर राख्ने र बाहिरी जिल्लामासमेत निर्यात गर्ने योजना बनाइएको छ। चिस्यान केन्द्रमा भण्डारण गरेर राखिएका हरियो तरकारी महिनादिनसम्म र फलफूल चारदेखि छ महिनासम्म सुरक्षित रहने बताइएको छ। किसानको उत्पादनको सुरक्षा र मूल्यमा स्थिरता कायम गर्ने अवधारणा अनुरूप चिस्यान केन्द्र निर्माण गरेर सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाको स्वामित्वमा रहने चिस्यान केन्द्रको रेखदेख वडा कार्यालयले गर्ने कार्यविधि बनाइएको छ। नगरपालिकाले निर्माण गरेको कार्यविधि अनुसार केही समयपछि बुइपाका कृषक समूहमध्ये उत्कृष्ट समूह छनोट गरेर चिस्यान केन्द्र सञ्चालनको जिम्मा दिइने वडाध्यक्ष राईले जानकारी दिनुभयो।

कृषक समूहले किसानका कृषि उपज भण्डारण गरे बापत मासिक रूपमा नगरपालिकालाई न्यूनतम भाडा बुझाउनुपर्ने जनाइएको छ।

पञ्चदोबाटोको दुई रोपनी सार्वजनिक जग्गामा निर्माण गरिएको चिस्यान केन्द्र औपचारिक रुपमा सञ्चालनमा आएपछि स्थानीय कृषकहरूसमेत हर्षित भएका छन्। निर्माण उपभोक्तामार्फत निर्माण गरिएको चिस्यान केन्द्र शुक्रबार नेकपा (एमाले) प्रमुख सचेतक विशाल भट्टराईले औपचारिक रुपमा शुभारम्भ गर्नुभयो।

जिल्लाका किसान तथा कृषक समूहले उत्पादन गरेका हरियो तरकारी, आलुको बीउ, फलफूल लगायतका कृषि उपज भण्डारण गर्नेगरी बुइपामा निर्माण गरिएको चिस्यान केन्द्र जिल्लाकै पहिलो हो। यसैबीच ऐसेलुखर्क गाउँपालिकामा १०० जना मानिस अटाउने क्षमताको सुविधा सम्पन्न सभाहल निर्माण गरिएको छ।

गाउँपालिकाले रु ७६ लाख ८२ हजार ९८२ को ठेक्का आह्वान गरेकोमा सक्षम निर्माण सेवा, सुनसरीले रु ४७ लाख ७६ हजार ८०८ मा गाउँपालिकाको सभाहल निर्माण गरेको हो।चैत मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी गाउँपालिका र निर्माण कम्पनीबीच सम्झौता भएकोमा निर्माण कम्पनीले सम्झौता मिति अगावै निर्माणको काम सकेर गाउँपालिकालाई हस्तान्तरण गरेको छ। सभाहलमा दुईवटा भण्डारण गृहसमेत निर्माण गरिएको छ भने सभाहल बाहिर तीन हात धुने धारा पनि जडान गरिएको छ।रासस

# रिभर फल्सको आइपिओ खुला





**टुडे एक्सप्रेस** / काठमाडौं

रिभर फल्स पावर लिमिटेडले प्राथमिक सार्वजनिक निष्काशन (आइपिओ)को बिक्री खुला गरेको छ। कम्पनीले आइतवारदेखि आयोजना प्रभावित क्षेत्र सङ्खुवासभाका बासिन्दाका लागि साधारण शेयरको निष्काशन तथा बिक्री खुला गरेको हो। कम्पनीले प्रतिकित्ता रु १०० अङ्कित मूल्यको रु सात करोड बराबरको सात लाख कित्ता शेयर स्थानीयका लागि निष्काशन तथा बिक्री खुला गरेको जनाएको छ। साधारण शेयरमा आवेदकले १० कित्तादेखि अधिकतम एक लाख कित्ता शेयर खरिदका लागि आवेदन दिन सकिने कम्पनीले सार्वजनिक गरेको सूचनामा उल्लेख छ। निष्काशन गरिएको शेयर खरिदका लागि आगामी वैशाख ११ गतेसम्म आवेदन दिन सकिने र सो समयावधिसम्म मागबमोजिम आवेदन नआए वैशाख १६ सम्म निष्काशन खुला रहने कम्पनीले जनाएको छ। आयोजना प्रभावित क्षेत्रका बासिन्दाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेका सम्पूर्ण सी आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयका साथै प्राइम कमर्सियल बैंकको खाँदबारी, तुम्लिङटार र सभापोखरी शाखा, प्रभु बैंकको खाँदबारी शाखा, ग्लोबल आइएमी बैंकको खाँदबारी र चैनपुर शाखा, निष्काशन कम्पनीको आयोजना कार्यालय सङ्खुवासभा र प्रभु क्यापिटलको कार्यालय कमलादीबाट आवेदन दिन सकिने सूचनामा उल्लेख छ। कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड रहेको छ। कम्पनीले प्रवर्द्धन गरिरहेको १०.३० मेगावाट क्षमताको पिलुवा खोला जलविद्युत् आयोजनाको अनुमानितप्रति मेगावाट लागत रु १८ करोड ६ लाख १५ हजार रहने कम्पनीले जनाएको छ। कम्पनीलाई केयर रेटिङ संस्था केयर नेपाल लिमिटेडले केयर एनपी बिबी माइनस इस्युअर' रेटिङ्ग प्रदान गरेको छ।रासस

# डोट्याली भाषा : मौलिकता हराउँदै

**टुडे एक्सप्रेस** / कञ्चनपुर




सुदूरपश्चिम क्षेत्रका बहुसङ्ख्यक व्यक्तिले बोल्ने डोट्याली (डोटेली) भाषाको मौलिकता हराउँदै जान थालेको छ। बाह्य भाषाको प्रभावका कारण डोट्याली भाषा विकृत बन्दै जान थालेको हो। पछिल्ला समय घरपरिवारमा सो भाषा बोल्ने नै कम हुन थालेपछि नयाँ पुस्तान्तरणमा समेत समस्या हुन थालेको छ। सो भाषा तत्कालीन डोटी राज्यको राष्ट्र भाषाका रूपमा थियो। डोटी राज्यमा मात्रै नभई यस भाषाको प्रभाव भारतको कुमाउँ गढवाल क्षेत्रमा समेत रहेको इतिहासका जानकारको भनाइ छ। "परिवारमा जति मातृभाषा बोल्ने गरियो, त्यतिनै त्यो भाषा समृद्ध हुँदै जान्छ भन्ने मान्यता छ। नयाँ पिँढीका युवायुवतीले बाह्य भाषासँग बढी हिमचिम बढाउँदा सुदूरपश्चिम प्रदेशकै धेरै वक्ता भएको भाषा खुम्चिँदै जान थालेको छ", शिक्षक प्रकाश उप्रेतीले भन्नुभयो, "नयाँ शिक्षा ऐनमा स्थानीय भाषा विद्यालयमा पठापाठन गर्न सकिने व्यवस्था हुनुपर्‍यो।"बोलीचालीसँगै लेखनमा समेत डोट्याली भाषाकै प्रयोग हुने गरेको थियो। बाह्य भाषा र संस्कृतिको प्रवेशसँगै यस भाषाको अस्तित्व जोगाउन समेत हाल अप्ठेरो हुन थालेको छ। यो भाषा बोल्ने विस्तारै कम हुँदै जान थालेका छन्। बढदो सहरीकरणसँगै थातथलोबाट बसाइँसराइ गरी अन्यत्र बस्ने क्रम सुरु भएसँगै यस भाषाको अस्तित्वसमेत सङ्कटमा पर्दै गएको हो। नयाँ पुस्ताले डोट्याली भाषा बोल्न अप्ठेरो मान्ने गरेका छन्। "पुर्खौंदेखि पुस्तान्तरण हुँदै आएको डोट्याली भाषा धनाढय र शिक्षितका रूपमा परिचित परिवारमा बोल्न लाज मान्ने गरेका छन्", सामाजिक क्षेत्रमा लामो समयदेखि क्रियाशील भैरवसिंह ऐरले भन्नुभयो, "नेपाली, भारतीय र अङ्ग्रेजी भाषालाई बढी महत्व दिँदा युवा पुस्ताले डोट्याली भाषालाई छाड्दै जान थालेका छन्। बसाइँ सारेर थातथलोबाट गएका व्यक्तिका परिवारमा यो भाषा पुस्तान्तरण गर्न निकै चुनौती छ।"सहरियाले बोल्ने अङ्ग्रेजी, भारतीय र नेपाली भाषालाई बढी महत्व दिई नयाँ पिँढीलाई ती भाषा नै सिकाउन थालेपछि डोट्याली भाषा हराउँदै जान थालेको छ। विगतमा बोलिने र हाल बोलिने डोट्याली भाषामा निकै अन्तर छ। डोट्याली भाषाका ठेट शब्द विस्तारै लोप हुन थालेका छन्। वर्णविन्यास, व्याकरण र शब्दकोष बने पनि सबैसम्म पुग्न सकेको छैन। प्रचार-प्रसारसमेत हुन पाएको छैन। विद्यालय शिक्षामा समेत डोट्याली भाषालाई समावेश नगराउँदा यो भाषा विस्तारै ओझेल पर्न थालेको छ।"डोट्याली भाषामै लेखेका कुरा पढ्न धेरैलाई समस्या हुने गरेको छ", स्थानीयवासी मनिदत्त पन्तले भन्नुभयो, "डोट्याली भाषामा लेख, रचना, साहित्यलगायतका कुरा लेखनकार्यलाई व्यापक बनाइनुपर्छ। पाठकसमक्ष यस्ता कुरालाई पस्किन सक्नुपर्छ। थोरै मात्र डोट्याली भाषामा प्रकाशित हुने पत्रपत्रिका छन्, ती सबैको पहुँचमा नभएकाले यस क्षेत्रमा बसोवास गर्ने व्यक्ति सबैको सरोकारको विषय भएकाले युवा पिँढीलाई रुचिकर लाग्ने लेख रचनामा बढी जोड दिनुपर्छ।"डोट्याली भाषा, संस्कृतिको क्षेत्रमा काम गर्ने विज्ञ र संस्कृतविद्को कमी छ। नगन्य सङ्ख्यामा केही विज्ञ भाषा जगेर्नाको प्रयासमा जुटेका छन्। जुन तरिकाले गहन खोज, अनुसन्धान तथा भाषा विकासका लागि कार्य गर्नुपर्ने हो त्यो सक्रियता नदेखिएको अर्का शिक्षक राघवप्रसाद अवस्थी बताउनुहुन्छ। "डोट्याली भाषामा बोल्नेलाई कमजोर, अल्पज्ञानी व्यक्तिका रुपमा चित्रित गरिन्छ। नेपाली र अङ्ग्रजी भाषामा दखल राख्नेलाई विद्धान र समृद्ध व्यक्तिको दर्जा दिइन्छ। समाजमा रहेको यस्तो विकृत सोचलाई बदल्नु आवश्यक छ।"तत्कालीन डोटी राज्यअन्तर्गतका क्षेत्रमा बोलिने भाषाको एकरुपता नहुँदा समेत भाषा संरक्षणमा कठिनाइ भएको छ। सबै भाषालाई एकीकृत गरी साझा भाषाका रुपमा विकास गरिनुपर्ने विज्ञहरू बताउनुहुन्छ। हाल डोट्याली भाषाको जर्गेना गर्ने काममा निजी क्षेत्रबाटै प्रकाशन भइरहेका पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रमले समेत महत्वपूर्ण भूमिका खेलका छन्। सौराई, गुगुल्टीलगायतका पत्रिका प्रकाशन भइरहेका छन्। नेपाली भाषाभन्दा धेरै पहिले डोट्याली भाषा अस्तित्वमा आएको बताइन्छ। डोट्याली भाषा डडेल्धुरा, बैतडी, डोटी, दार्चुला, बझाङ, अछाम, बाजुरा, कैलाली, कञ्चनपुरसँगै भारतको कुमाँउगढवालसम्म बोल्ने गरिन्छ। डोट्याली भाषा भारोपेली परिवारको आर्यली-इरानेली शाखाको आर्यली उपशाखाबाट विकसित भएको संस्कृत-प्राकृत-अपभ्रंश हुँदै जन्मिएको बताइन्छ।

प्राचीन डोटी राज्यका तत्कालीन राजाद्वारा जारी गरिएका, शिलालेख, ताम्रपत्र, दानपत्रलगायत डोट्याली भाषामा लेखिएका छन्। ती अभिलेख डोट्याली भाषाका अभिलेखका रुपमा रहेका छन्। तत्कलीन डोटी राज्यमा राजकाजको भाषासमेत डोट्याली नै रहेको थियो। त्यसबेला भोजपत्रमा लेखिएका चिट्ठीपत्र, तमसुक, वंशावली, जन्मपत्रिकालगायत समेत अभिलेखका रूपमा रहेका छन्। यस्ता अभिलेख थोरै जनासँग मात्र बाँकी छन्।सुदूरपश्चिम प्रदेशको मुख्य भाषा र सरकारी कामकाजको भाषाका रूपमा डोट्याली भाषालाई स्थान दिनुपर्ने यस क्षेत्रका विद्वानहरूको भनाइ छ। प्रदेशमा सबैभन्दा बढी बोलिने भाषाका रूपमा डोट्याली भाषा रहेको छ। यो भाषा नेपालमा सबैभन्दा बढी बोलिने भाषाअन्तर्गत पर्दछ। नेपालमा बोलिने धेरै भाषामध्ये डोट्याली नवौं स्थानमा छ। यो भाषा नेपालका दुई दशमलव ९७ प्रतिशत व्यक्तिले बोल्ने गर्दछन्। सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषा ४५ प्रतिशत बढी व्यक्तिले बोल्ने गर्दछन्।रासस

# माझीफेदाका ६७९ घरमा 'एक घर, एक धारा'



**टुडे एक्सप्रेस** / बनेपा

काभ्रेपलाञ्चोकको कोसीपारिस्थित चौँरीदेउराली गाउँपालिका-३ सलम्बुका डेमादोर्जे लामा आफ्नै आँगनमा खानेपानी धारा आएपछि औधी खुसी हुनुहुन्छ। गाउँभरिमा एउटा धारा हुँदा पानी थाप्ने भनेर विगतमा हानाथाप हुने गर्दथ्यो। उहाँले भन्नुभयो" घरकै आँगनमा धाराबाट पानी आउन थाल्यो। पानीको जोहो गर्न छुट्टै समय छुट्याउनुपर्ने बाध्यताको अन्त्य भयो। "

सोही वडाका दमाराका मानबहादुर घिसिङले यसअघि १५ दिनमा एकपटक पानी आउने गरेकामा अहिले घरघरमै धारा आएपछि निकै सहज भएको बताउनुभयो। यसअघिको भन्दा अहिलेको खानेपानी आयोजनाले गाउँमा नयाँ उमङ्ग थपेको स्थानीय बासिन्दा बताउँछन्। एक घर एक धारा आयोजना सम्पन्न भएर पानी उपभोग गर्न पाएसँगै गाउँका दुई जनाले रोजगारसमेत पाएका छन्।गाउँमा पानीको समस्या समाधान गरेर वडाले आफ्नो दायित्व पूरा गरेको वडा नं ३ का अध्यक्ष विनोद घिसिङले जानकारी दिनुभयो। रामेछाप जिल्लाको सिमाना जोडिएको जिल्लाको दुर्गम कोसीपारिको सो वडाका बासिन्दाका लागि आवश्यक खानेपानीको धारा जडान र आधारभूत खानेपानीको पहुँचयुक्त वडा घोषणा गर्न सफल उहाँको भनाइ छ।

चौँरीदेउरालीका अध्यक्ष दीननाथ गौतमले पालिका स्थापना भएपछि आयोजनाको प्राथमिकताका आधारमा काम गर्दै आएको र तीमध्ये खानेपानीलाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो।

"सिङ्गो गाउँपालिकालाई नै खानेपानी समस्यामुक्त पालिका घोषणा गर्ने लक्ष्यअनुरुपमा काम भइरहेको छ", उहाँले भन्नुभयो, "भूकम्पपछि छवटा वडालाई सुक्खाग्रस्त वडा घोषणा गरेर त्यहीअनुसार खानेपानी क्षेत्रमा काम अगाडि बढाइरहेका छौँ।"बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री रत्न ढकालले चौँरीदेउरालीले अगाडि सारेको 'एक घर, एक धारा' अभियान पूर्णता पाउने अवस्थामा पुगेको जानकारी दिनुभयो। वडा नं १ मा पानीको मुहान नै भएकाले धेरै नै पूरा भइसकेको, वडा नं २ नाग्रेगगर्चेमा लिफ्टिङको आयोजना अगाडि बढिरहेको, वडा नं ४, ५ र ६ को लागि चौँरीखोला लिफ्टिङ खानेपानी आयोजनाको काम सञ्चालन भइरहेको तथा वडा नं ७ मादनकुँडारीमा खानेपानी र सिँचाइ दुवैलाई हुने गरी चौँरीखोला मादनकुँडारी लिफ्टिङ खानेपानी आयोजना सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो। खानेपानीसँगै प्रदेश सरकारले प्राविधिक शिक्षा, सडक र अन्य भौतिक पूर्वाधार विकासका काममा आवश्यक बजेट व्यवस्थापन गरी जनताको आवश्यकता पूर्ति गर्न लागिरहेको बताउनुभयो।

सांसद गङ्गाबहादुर तामाङले एक घर एक धारा अभियानलाई पूरा गर्नका लागि बजेटको केन्द्रिकरण गर्दै थालेको कामले सार्थकता पाएसँगै उपभोक्ताको चाहना पूर्ति गर्न सफल भएको जानकारी दिनुभयो।

माझीफेदालाई 'एक घर, एक धारा' निर्माण पूरा गरेपछि आधारभूत खानेपानी पहुँचयुक्त वडा घोषणा गरिएको छ। त्यहाँका ६७९ घरपरिवारलाई घर-घरमा खानेपानीको पक्की धारासहित आधारभूत खानेपानीको पहुँच पुर्‍याएपछि सांसद तामाङ र बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री ढकालले संयुक्तरूपमा शुभारम्भ गर्नुभएको थियो।रासस

# असिनाले खेतीबाली नष्ट

**टुडे एक्सप्रेस** / म्याग्दी



जिल्लाको विभिन्न स्थानमा शनिबार दिउँसो परेको असिनापानीले खेतीबाली नष्ट पारेको छ।

बेनी नगरपालिका सहित रघुगङ्गा र मङ्गला गाउँपालिकामा असिनाले गहुँ, जौँ, आलु, मकैबालीमा क्षति पुगेपछि कृषक चिन्तित र निराश बनेका हुन्।

रघुगङ्गाको बेग, भगवती, पिप्ले, मौवाफाँट, बेनीको रत्नेचौर, भकुण्डे, भकिम्ली, डडुवा, मङ्गलाको बरङ्जा, सीमलचौरमा हावाहुरीसहितको असिना परेको थियो।

भित्र्याउने बेला भएको गहुँ, भर्खरै उम्रिएको मकै र आलुका बिरुवा असिनाले चुटेर नष्ट बनाएको रघुगङ्गा-३ मौवाफाँटका कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो। यतिखेर जिल्लाको मध्यपहाडी र लेकाली क्षेत्रमा गहुँ भित्र्याउने चटारो छ।हावाहुरीसँगै असिनापानी परेको थियो। सुन्तला जात फलफूल र तरकारी खेतीमा पनि असिनाले क्षति गरेको मङ्गला-३ बरङ्जाका कृष्णलाल सापकोटाले बताउनुभयो। क्षतिको पूर्ण विवरण आइ नसकेको कृषि ज्ञान केन्द्रले जनाएको छ। स्थानीय तहका कृषि प्राविधिकलाई क्षतिको विवरण सङ्कलनका लागि परिचालन गरिएको केन्द्रले जनाएको छ।रासस

# बौद्ध-जोरपाटीमा चामुण्डा रथयात्रा

**टुडे एक्सप्रेस** / काठमाडौँ

चैत्र शुक्ल अष्टमीका दिन गोकर्णेश्वर क्षेत्रमा मनाइने ऐतिहासिक चामुण्डा रथयात्रा सम्पन्न भएको छ।

चामुण्डा क्षेत्र विकास तथा संरक्षण कोषले प्रत्येक वर्षको चैत्र शुक्ल अष्टमी अर्थात् चैतेदशैंका दिन गोकर्णेश्वरको जोरपाटी र काठमाडौँ महानगरपालिका-६ बौद्ध क्षेत्रमा रक्तविनायक, महाँकाल भैरव र चामुण्डा देवीको रथयात्रा गर्ने परम्परा छ।

देवीको रथयात्रा गरेमा यस क्षेत्रमा सुख, शान्ति कायम हुने, देवीले रक्षा गर्ने विश्वास रहेको कोषका सदस्य विमलमान श्रेष्ठले बताउनुभयो।वर्षका चार नवरात्रमध्ये आश्विन शुक्ल पक्ष र चैत्र शुक्ल पक्षको नवरात्रमा चामुण्डालगायत देशभरका देवी मन्दिरमा पूजापाठ र दर्शन गर्ने भक्तजनको भीड लाग्छ।

यस वर्ष पशुपति क्षेत्रस्थित गुह्येश्वरी, मैतीदेवी, नक्साल भगवती, भद्रकाली, कालिकास्थान, बिजेश्वरी, शोभा भगवती, रक्तकाली, श्वेतकाली, इन्द्रायणीलगायत देवी मन्दिरमा भक्तजनले दर्शन गरेका छन्।

गोकर्णेश्वर नगरपालिका-५ जोरपाटीमा चामुण्डा देवीको मन्दिर रहेको छ। मन्दिरमा प्रत्येक दिन स्थानीयवासी भक्तजनको भीड लाग्ने गर्छ।रासस




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर